मेरो विजय भनेकै लोकतन्त्रको विजय हो : नेता सिंह | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १७८ • २०७९ साल मंसिर ७ गते बुधवार (23 November, Wednesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

जसपा, लोसपा र जनमतलाई 'थ्रेस होल्ड' नकट्ने संकेत

## जसपाका अध्यक्ष यादव र लोसपाका अध्यक्ष ठाकुर पछाडि




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि र प्रदेश सभाको मतगणना जारी रहेको बेला मधेशबाट नेतृत्व हुने जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टीले 'थ्रेस होल्ड' कटाउन नसक्ने संकेत देखिएको छ।

राष्ट्रिय पार्टीको हैसियतमा रहेका जसपा र लोसपाले 'थ्रेस होल्ड' कटाउन सक्ने संभावना कमजोर देखिएको छ। प्रतिनिधि सभाको प्रत्यक्षतर्फ दुबै दलको मत अत्यन्त कम आएको देखिएको छ। जनमत पार्टीको अवस्था पनि उस्तै रहेको छ।

निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फ खसेको सदरमतको ३ प्रतिशत मत प्राप्त गर्ने दलले मात्र 'थ्रेस होल्ड' पूरा गर्ने छन्। कुल १ करोड ९ लाख ७३ हजार २७ मत खसेको थियो।

'थ्रेस होल्ड' पूरा नगर्ने दलको राष्ट्रिय मान्यता नहुने कानूनी प्रावधान छ। राष्ट्रिय दलको हैसियत प्राप्त गर्न नसक्ने दलबाट निर्वाचित जनप्रतिनिधिहरुको स्वतन्त्र अस्तित्व हुनेछ। दलबाट निर्वाचित भए पनि उनीहरुमाथि ह्वीप लाग्ने छैन्।

प्रत्यक्षतर्फ प्रतिनिधि सभाको मतगणनाको परिणाम अनुसार जसपाका अध्यक्ष उपेन्द्र यादवलाई जनमत पार्टीका अध्यक्ष सीके राउतले सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट भारी मतान्तरले पराजित गर्ने पक्का छ। मतगणना जारी रहे पनि जितको अन्तर घोषणाको औपचारिकता पूरा गर्न मात्र बाँकी रहेको छ।

त्यसैगरी महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई स्वतन्त्र उम्मेदवार रामअधार कापरले पछाडि पारेका छन्। अबेर राति सम्मको गणनामा ठाकुर पछाडि नै रहेका छन्।

प्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, राप्रपाका अध्यक्ष राजेन्द्र लिंगदेन, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने, नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल र जनमत पार्टीका अध्यक्ष राउत जितको औपचारिकता पूरा गर्न मात्र बाँकी रहेको छ। उनीहरु निकटतम् प्रतिद्वन्दीभन्दा निकै फराकिलो अन्तरले अग्रता लिएका छन्।

मतगणनाको मध्यरातिको विवरण अनुसार मधेश प्रदेशबाट प्रतिनिधि सभा सदस्यमा नेपाली कांग्रेस ९ स्थान, एमालेका ५, नेकपा एसका ३, माओवादी केन्द्रका २, जसपाका ४, लोसपाका २, जनमत २ र स्वतन्त्र ५ स्थानमा अगाडि रहेका छन्। प्रदेशमा २ स्थान जनमत र २ स्थानमा कांग्रेसका उम्मेदवार विजयी भएका छन्।

आवश्यकता

नेपाल पल्प एण्ड पेपर ईण्डष्ट्रिज प्रा.लि.को गौशाला (महोत्तरी) स्थित कारखानाको लागि निम्न लिखित कर्मचारीको आवश्यकता भएकोले ईच्छुक नेपाली नागरिकलाई विज्ञापन प्रकाशित भएको मिति देखि १० दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन सुचित गरिन्छ।

१) Mechinical Engineer With CAD Operation अनुभव भएको– १ जना
२) Electrical Engineer With CAD Operation अनुभव भएको– १ जना
३) वर्कशप फोरमैन – १० वर्ष कुनै वर्कशप संचालन गरेको अनुभव भएको – १ जना
४) ईलेक्ट्रीकल सुपरभाईजर – १० वर्ष कुनै कारखानामा काम गरेको अनुभव भएको – १ जना
५) ईन्स्ट्रूमेन्ट मेकेनिक – १० वर्ष कुनै कारखानामा काम गरेको अनुभव भएको – १ जना

आवेदन गर्ने स्थान :
नेपाल पल्प एण्ड पेपर ईण्डष्ट्रिज प्रा.लि.को कार्यालय
वाई.नं.०१, भानु चौक, जनकपुर, धनुषा (हिमालयन बैंक लि. माथि)
वाहट्सप र फोन नम्बर : +९७७ ९८५४०२५०३१
ईमेल : ho@nppil.com



भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो।

विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ मंसिर ८ गते सम्म

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(अमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






# स्मार्टफोन खरिददेखि उचित बिक्रीपछिका सेवा सुनिश्चित गर्दै भिभो

**टुडे समाचारदाता**

काठमाण्डु । स्मार्टफोन खरिद केवल एक चरणको सरल प्रक्रिया होइन । यसमा स्मार्टफोन किन्नु अघि र खरिद पछि उपलब्ध हुने सेवा सुविधाबारे अधिक अनुसन्धानहरु समावेश हुन्छन् । उपभोक्ता केन्द्रित ब्रान्ड, भिभो परिष्कृत ग्राहक सेवामार्फत सहज तरिकाले उपयोग चक्रलाई बुझाउन लागि परेको छ । नेपालमा भिभो शुरुवातदेखि नै उपभोक्ताहरूलाई विश्वस्तरीय प्रविधिहरू र उत्कृष्ट सेवाहरू प्रदान गर्न प्रतिबद्ध छ । उचित समयमा सही कामहरू गर्ने बेन्फेन दर्शनद्वारा निर्देशित, भिभोले उपभोक्ताहरूको जीवनलाई समृद्ध र सकारात्मक रूपमा प्रभाव पार्ने प्रयास गरिरहेको छ ।

"मोर लोकल, मोर ग्लोबल' दृष्टिकोणबाट निर्देशित भएर ब्राण्डले नेपाली उपभोक्ता बजारमा फाइभजी, आर्टिफिसियल इन्टेलिजेन्स र एडभान्स इमेजिङ सिस्टम जस्ता विश्वव्यापी प्रविधिहरू ल्याइरहेको छ । यसबाहेक, भिभोले स्थानीय प्रतिभा, संस्कृति, र ग्राहकलाई प्राथमिकतामा राखेर धैरै अभियानहरू संचालन गर्दै आइरहेको छ ।




भिभोले आफ्ना ग्राहकहरूसँग निकट सम्बन्ध कायम गरेको छ । चाहे नयाँ उत्पादनहरू डिजाइन गर्ने होस्, वा उन्नत प्रविधिहरूका लागि अनुसन्धान सञ्चालन गर्ने होस् यी सबै प्रयासहरू उपभोक्ताहरूको जीवनस्तर वृद्धि गर्नका लागि हुन् । तसर्थ, उपभोक्ताका लागि यी सेवाहरुको पहुँचयोग्यता सुनिश्चित गर्न, ग्राहक सेवाहरूको एक व्यापक अफलाइन र अनलाइन नेटवर्क स्थापना गरिएको छ । एक हजार भन्दा बढि रिटेल स्टोरहरू तथा देशभर विभिन्न स्थानमा ४ वटा सेवा केन्द्रहरू (काठमाडौं, नारायणगढ, पोखरा र इटहरी) मार्फत भिभोले प्रयोगकर्ताहरूलाई उत्कृष्ट बिक्री पछिको सेवाहरू प्रदान गर्दछ । अत्याधुनिक सुविधाहरू र उपकरणहरूले सुसज्जित सेवा केन्द्रहरूले ग्राहकहरूलाई झन्झटमुक्त खरिद र बिक्री पछिको सेवा अनुभव सुनिश्चित गर्दछ ।

ग्राहकहरुलाई कृतिज्ञता प्रकट गर्ने प्रयासमा भिभोले हरेक महिना २७ देखि २९ तारिखसम्म भिभो सर्भिस डे आयोजना गर्दै आइरहेको छ । बिक्रीपछिका स्मार्टफोन सेवाको महत्वलाई बुझेर कम्पनीले यस दिन बिक्रीपछिका सेवाहरू जस्तै सर्भिसिङ र क्लिनिङ, सिस्टम रिकभरी र सफ्टवेयर अपग्रेड, १-घण्टा फ्ल्यास मर्मत, शून्य श्रम लागतमा मर्मत, प्रोटेक्टिभ फिल्म जस्ता सेवाहरू निःशुल्क उपलब्ध गर्दछ । यसबाहेक, प्रयोगकर्ताहरुले खरिद गरेको नयाँ उपकरणको हार्डवेयरमा कुनै समस्या भएमा १-महिना भित्र प्रतिस्थापन गर्दछ । साथै, ग्राहकहरूले प्रत्येक नयाँ फोन खरिदमा उपलब्ध हुने वारेन्टी सेवा/नीति पनि दाबी गर्न सक्छन् । भिभोले ग्राहकहरुलाई फोनमा १ वर्षको वारेन्टी, एक्सेसरिजमा ६-महिनाको वारेन्टी, पार्टकको सशूल्क मर्मतमा ३ महिनाको वारेन्टी, सेवा केन्द्रबाट खरिद गरिएको एक्सेसरिजमा ६-महिनाको वारेन्टी र सफ्टवेयरमा जीवनभर वारेन्टी प्रदान गर्दछ । सहज ग्राहक सेवा अनुभवका लागि प्रयोगकर्ताहरुले कल सेन्टरमा ग्राहक सेवा टोलीलाई सम्पर्क गरेर सबै प्रश्नहरूको कुशलतापूर्वक र सन्तोषजनक समाधान लिन सक्नेछन् । सबै स्मार्टफोनको स्पेयर पार्ट्स वेबसाइट (धधध।खषखयाअफरलउ) मा मुल्य सूची सहित उपलब्ध छन् । साथै, प्रयोगकर्ताहरुले फेसबुक र इमेल मार्फत सोधपुछ गरेर तत्काल समस्याको समाधान गर्न पनि सक्छन् । यो बाहेक, उपभोक्ताहरूका लागि भिभोले विभिन्न प्रस्तावहरु र स्थानीय अभियानहरू पनि सञ्चालन गर्दै आइरहेको छ ।

भिभोको भी र वाई सिरिजहरु उपभोक्ताको आवश्यकता अनुरुप विकसित गरिएका छन् । वाई सिरिजलाई युवा उपभोक्ताका लागि सुलभ मुल्यमा फ्ल्यागशिप स्मार्टफोनको अनुभव प्रदान गर्ने आदर्श साथीको रूपमा विकसित गरिएको छ । भी सिरिजमा रंग-परिवर्तन हुने विशेषता तथा उत्कृष्ट प्रदर्शन र उत्कृष्ट क्यामेरा सुविधाहरू छन् जसले प्रयोगकर्ताहरूलाई सबै व्यावसायिक र रचनात्मक कार्यहरूमा मद्दत गर्दछ ।

नवप्रवर्तनको नेतृत्व गर्ने दृष्टिकोण मार्फत, भिभोले आफ्ना ग्राहकहरूलाई प्रिमियम स्मार्टफोन अनुभव र कुशल ग्राहक समर्थनद्वारा खुसी पार्ने प्रयास गर्दछ । भिभो उपभोक्ताहरूसँग व्यक्तिगत सम्बन्ध स्थापना गर्न र ग्राहकहरुलाई हरेक चरणमा मद्दत गर्न प्रतिबद्ध छ । भिभो आफुले प्राप्त गरेको माया र सम्मानको प्रतिफलमा आफ्ना मूल्यवान ग्राहकहरूलाई सेवा प्रदान गर्न समर्पित छन् । आगामी दिनमा भिभोले यो विरासतलाई निरन्तरता दिँदै उपभोक्ता र ब्रान्डबीचको सम्बन्धलाई थप अर्थपूर्ण बनाउनेछ ।

# प्रहरीद्वारा मदिरा नष्ट



**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश क्याम्प सपहीले घरेलु मदिरा नष्ट गरेको छ । मंगलबार लक्ष्मीनियाँ गाउँपालिका ४ स्थितबाट ७० लिटर घरेलु मदिरा नष्ट गरेको छ ।

सशस्त्र प्रहरी नायव निरीक्षक रोहित बहादुर भुजेलको नेतृत्वमा रहेको टोलीले राष्ट्रिय धान बालि अनुसन्धान केन्द्र नजिकबाट मदिरा बरामद गरेका थिए । निर्वाचन सुरक्षाको लागि गस्तीमा जादा प्रहरीलाई देख्न साथ मदिरा बोक्ने फरार भएका थिए । पछि प्रहरीले नियन्त्रणमा लिई स्थानीयको रोहबरमा मदिरा नष्ट गरेको प्रहरी निरीक्षक भुजेलले जानकारी दिए ।

उनका अनुसार मदिरा नष्ट कार्यक्रममा आन्तिरिक राजस्व कार्यालय जनकपुरका प्रमुख किसोर बर्तौला र स्थानीय जगनारायण यादवसमेतको सहभागिता रहेको थियो । यस विषयमा थप अनुसन्धान भइरहेको जनाइएको छ । बेस क्यामप सपहीले पछिल्लो समय समाजहितका लागि उत्कृष्ट काम गर्दै आएका छन् ।

# मोरङ-३ मा कांग्रेस, २ मा एमालेको अग्रता

विराटनगर । मोरङ क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मत गणनामा वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार सुनिल शर्माले अग्रता लिनुभएको छ । पछिल्लो जानकारीअनुसार तीन हजार पाँच सय ६१ मत गणना हुँदा शर्माले एक हजार आठ सय ९२ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी नेकपा (एमाले)का भानुभक्त ढकालले नौ सय ७६ मत पाउनुभएको छ । त्यस्तै राप्रपाकी उम्मेदवार रेखा थापाले तीन सय ८८ मत पाउनुभएको छ । थापा पछिल्लो मतपरिणामअनुसार तेस्रो स्थानमा हुनुहुन्छ । यो क्षेत्रमा २०७४ सालमा पनि कांग्रेसका शर्मा र एमालेका ढकालबीच नै प्रतिस्पर्धा भएको थियो । जसमा ढकाल निर्वाचित हुनुभएको थियो । मोरङ क्षेत्र नं ३ मा ६५ दशमलव ८ प्रतिशत मत खसेको थियो । यो निर्वाचन क्षेत्रमा एक लाख ४९ हजार आठ सय ३३ मतदाता रहेका छन् । यहाँ ९७ हजार पाँच सय एक मत खसेको छ ।

मोरङ क्षेत्र नं ३ मा सोमबार दिउँसोदेखि समानुपातिकतर्फबाट मतगणना सुरु भएको हो । यस क्षेत्रमा वाम-लोकतान्त्रिक गठबन्धनका शर्मा, एमालेका ढकाल, राप्रपाबाट थापाबीच मुख्य प्रतिस्पर्धा रहेको छ । मोरङ क्षेत्र नं ३ को मतगणना अहिले बेलबारीको भगवती माविमा जारी छ ।

**मोरङ–२ मा अग्रता बढाउँदै एमाले**

मोरङ क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मत गणनामा एमालेका उम्मेदवार ऋषिकेश पोखरेलको अग्रता रहेको छ । नेपाली कांग्रेस नेत्री सुजाता कोइरालालाई पछि पार्दै पोखरेल अगाडि बढ्नुभएको हो । दुई हजार आठ सय १८ मतगणना हुँदा एमालेका उम्मेदवार ऋषिकेश पोखरेलले एक हजार चार सय सात मत प्राप्त गर्नुभएको छ ।

कोइरालाले नौ सय ८३ मत प्राप्त गर्नुभएको छ । पोखरेल र कोइरालाको मतान्तर चार सय २४ रहेको छ । मोरङ क्षेत्र नं २ मा ६४ दशमलव २४ प्रतिशत मत खसेको थियो । उक्त निर्वाचन क्षेत्रमा एक लाख २४ हजार सात सय २९ मतदातामध्ये ८० हजार एक सय २७ मत खसेको निर्वाचन कार्यालयले जनाएको छ । यस निर्वाचन क्षेत्रमा पोखरेल र कोइरालाबीच मुख्य प्रतिस्पर्धा रहेको छ । मोरङ क्षेत्र नं २ को मतगणना अहिले विश्वनाथ मन्दिर रतुवामाईमा जारी रहेको छ ।रासस

# सिन्धुली–२ मा गठबन्धनकै अग्रता

सिन्धुली । सिन्धुली निर्वाचन क्षेत्र नं २ मा गठबन्धनका उम्मेदवारले अग्रता कायमै राखेका छन् । पछिल्लो मत परिणामअनुसार गठबन्धनका उम्मेदवार मतान्तरलाई बढाउँदै लगेका छन् ।

यो समाचार तयार पर्दा सम्म निर्वाचन क्षेत्र नं २ मा प्रतिनिधिसभातर्फ १० हजार सात सय ६६ मतगणना हुँदै गठबन्धनबाट लेखनाथ दाहालको अग्रता कायमै रहेको छ । उहाँले पाँच हजार आठ सय ३६ मत प्राप्त गर्नुभएको छ भने एमालेका मनोजजङ्ग थापाले चार हजार दुई सय एक मत प्राप्त गरेको सहायक निर्वाचन अधिकृत भरतकुमार दाहालले जानकारी दिनुभयो ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका भीष्मराज श्रेष्ठले ५६, नेपाल मजदुर किसान पार्टीका रामेश्वरी कोजुले दुई, तामाडसालिङ लोकतान्त्रिक पार्टीका डिल्लीकुमार गोलेले १८, मङ्गोल नेसनल अर्गनाइजेसनका शान्तवीर लामाले ६३, जनसमाजवादी पार्टी नेपालका योग्यबहादुर मुडुला कार्कीले १७, राष्ट्रिय स्वतन्त्र पार्टीका अनोजकुमार दाहालले ८४ र स्वतन्त्र उम्मेदवार भूपेन्द्र विश्वकर्माले ४४ मत पाएका छन् । चार हजार ४५ मत बदर भएको छ ।

**प्रदेशसभा सदस्यतर्फ**

हालसम्म निर्वाचन क्षेत्र नं २ (१) तर्फ १२ हजार दुई सय ६९ मतगणना हुँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का विनोदकुमार खड्काले चार हजार एक सय ३६, नेपाली कांग्रेसका छेत्रबहादुर बम्जनले सात हजार दुई सय ६५, राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेशविक्रम बस्नेत क्षेत्रीले तीन सय १४, नेपाल मजदुर किसान पार्टीकी सङ्गीता दुवालले ४१ र मङ्गोल नेसनल अर्गनाइजेसनका वोजनकुमार वलले एक सय ३३ मत प्राप्त गर्दा तीन सय ८० मत बदर भएको छ ।

यस्तै निर्वाचन क्षेत्र नं २ (२) तर्फ १० हजार सात सय ६७ मत गणना हुँदा एमालेका रामकुमार पौडेलले चार हजार तीन सय ३०, नेकपा (माओवादी केन्द्र)का गङ्गानारायण श्रेष्ठले पाँच हजार आठ सय ५२, राष्ट्रिय प्रजातन्त्र पार्टीका टलकबहादुर कार्कीले ९१, नेपाल मजदुर किसान पार्टीका लक्ष्मण ग्वाछाले १३, मङ्गोल नेसनल अर्गनाइजेसनका तुलसी राईले ९०, जनसमाजवादी पार्टी नेपालका हेमन्त पुलामीले २० मत प्राप्त गरेका छन् । जसमा तीन सय ७१ मत बदर भएको छ ।रासस

# तनहुँ–१ मा नेता पौडेलको अग्रता कायमै

तनहुं । तनहुं क्षेत्र नं १ मा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अग्रता कायमै राख्नुभएको छ। जारी मतगणनाको प्रारम्भिक चरणदेखि नै उहाँले अग्रता कायम राख्नुभएको हो ।

सात हजार एक सय ७४ मतगणना हुँदा नेता पौडेलले दुई हजार चार सय ३७ मत पाउनुभएको छ। नेकपा (एमाले) का एकबहादुर रानाले दुई हजार तीन सय ४६, राष्ट्रिय स्वतन्त्र पार्टीका विकास सिग्देलले आठ सय ९४, राष्ट्रिय प्रजातन्त्र पार्टीका विनोद घर्तीले चार सय ४० र स्वतन्त्र उम्मेदवार गोविन्दराज जोशीले तीन सय चार मत प्राप्त गर्नुभएको छ ।

यस क्षेत्रमा एक लाख २३ हजार चार सय ९० मतदाता रहेकामा ६६ हजार नौ सय ६५ मत खसेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ । यो ५४ दशमलव ३६ प्रतिशत हो । तनहुँ-१ प्रतिनिधिसभामा १० जना प्रतिस्पर्धामा छन् ।

तनहुँ-१ को प्रदेशसभा (१) मा कांग्रेसका अशोककुमार श्रेष्ठले सुरुआती चरणबाटै अग्रता कायम राख्नुभएको छ । चार हजार ६ सय मतगणना गर्दा गठबन्धनका साझा उम्मेदवार श्रेष्ठले एक हजार नौ सय २४ मत प्राप्त गर्नुभएको छ भने एमालेका रामबहादुर गुरुङले एक हजार दुई सय ३८ मत प्राप्त गर्नुभएको छ । सो क्षेत्रमा ३६ हजार तीन सय ६५ मत खसेको छ ।

प्रदेशसभा (२)मा नेकपा (माओवादी केन्द्र)का हरिबहादुर चुमानले दुई हजार ४० मत पाउनुभएको छ भने एमालेका पूर्णबहादुर गुरुङले एक हजार ५० मत प्राप्त गर्नुभएको छ । गठबन्धनका उम्मेदवारले सुरुआती चरणबाट नै अग्रता कायमै राख्नुभएको छ ।रासस

## कैलाली निर्वाचन क्षेत्र ३ मा नागरिक उन्मुक्ति पार्टी विजयी

सुदूरपश्चिम । कैलाली जिल्ला प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ३ मा नागरिक उन्मुक्ति पार्टीका गङ्गा चौधरी २३ हजार एक सय २० मत प्राप्त गरी विजयी हुनुभएको छ ।

उहाँका निकटतम प्रतिद्वन्द्वी वाम-लोकतान्त्रिक गठबन्धन, नेकपा (माओवादी केन्द्र)का कृष्णकुमार चौधरीले १७ हजार सात सय ४९ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत लक्ष्मीनारायण दाहालले जानकारी दिनुभयो । सो क्षेत्रमा ६३ हजार सात सय ४० मत खसेकामा ५९ हजार सात सय १९ मत सदर भएको छ ।

प्रतिनिधिसभा सदस्यको अन्तिम परिणाम सार्वजनिक भएपछि प्रदेशसभातर्फको मतगणना सुरु गरिएको दाहालले बताउनुभयो । जिल्लाका अन्य चार निर्वाचन क्षेत्रमा मतगणना जारी छ ।रासस

# कञ्चनपुरमा तीन पूर्वमन्त्रीको अग्रता कायमै

महेन्द्रनगर । तीन वटा निर्वाचन क्षेत्र रहेको कञ्चनपुरमा प्रतिनिधिसभातर्फ सत्ता गठबन्धनका दुई र प्रतिपक्षी दल नेकपा एमालेका उम्मेदावारले जारी मतगणनामा आफ्नो अग्रता कायम राखेका छन् । निर्वाचन क्षेत्र नं ३ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता रमेश लेखक तीन हजार छ सय ८७ मतसहित अग्रस्थानमा हुनुहुन्छ ।

सत्ता गठबन्धनका उम्मेदवार उहाँले गणना सुरु भएयता आफ्नो अग्रतालाई बढाउँदै लैजानुभएको हो । यहाँ १६ हजार एक सय ८७ मत गणना हुँदा लेखकले आठ हजार तीन सय ७५ मत प्राप्त गर्नुभएको छ भने उहाँका प्रतिद्वन्द्वी नेकपा (एमाले)की निरुदेवी पालले चार हजार छ सय ८८ मत पाउनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।




उक्त निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका कृष्ण लुहारले सात सय ९० मत पाउनुभएको छ भने दुई वटा प्रदेशसभा रहेको निर्वाचन क्षेत्र नं ३ मा प्रदेशसभा सदस्यको गणना समेत जारी छ ।

सन्तानब्बे हजार आठ सय २२ मतदाता रहेको क्षेत्र नं ३ मा ५७ हजार नौ सय ५५ मत खसेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । त्यसैगरी क्षेत्र नं २ मा नेपाली कांग्रेसका नारायणप्रकाश साउदको अग्रता कायम छ । यहाँ आठ हजार छ सय ९८ मत गणना हुँदा उहाँले तीन हजार चार सय ४८ मत पाउनुभएको छ भने निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का नरबहादुर धामीले तीन हजार दुई सय ८९ मत पाउनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।यहाँ पनि दुवै प्रदेशसभासदस्यको गणना भइरहेको छ ।

अघिल्लो निर्वाचनमा नेकपा एमालेका धामीसित कांग्रेस नेता साउद पराजित हुनुभएको थियो । एक लाख पाँच हजार पाँच सय ७७ मतदाता रहेकोको निर्वाचन क्षेत्र नं २ मा ६५ हजार एक सय ४६ मत खसेको थियो । त्यसैगरी निर्वाचन क्षेत्र नं १ मा नेकपा एमालेका तारा लामा तामाङ गणनाको सुरुवातदेखि अग्रस्थामा हुनुहुन्छ । निर्वाचन अधिकृतको कार्यालयले दिएको जानकारी अनुसार उहाँले दुई हजार दुई सय १७ मत ल्याउनुभएको छ भने उहाँका निकटतम प्रतिस्प्रर्धी सत्ता गठबन्धनका उम्मेदवार एवं पूर्वमन्त्री बिना मगरले एक हजार पाँच सय ७५ मत प्राप्त गर्नुभएको छ ।रासस

# मोरङ-६ मा डा कोइराला र ४ मा मोदीको अग्रता निरन्तर

विराटनगर । मोरङमा आइतबार सम्पन्न प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनअन्तर्गत क्षेत्र नं ६ को प्रतिनिधिसभातर्फ सत्ता गठबन्धन दल नेपाली कांग्रेसका डा शेखर कोइरालाले दुई हजार सात सय ८५ मत प्राप्त गर्नुभएको छ ।

मोरङका प्रमुख निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी हेमबहादुर बुढाथोकीका अनुसार सात हजार तीन सय ६७ मतगणनामा गर्दा नेकपा (एमाले)का लालबाबु पण्डितले दुई हजार तीन सय ८० र राष्ट्रिय स्वतन्त्र पार्टीका यादवकुमार प्रधानले आठ सय ६४ प्राप्त गर्नुभएको छ ।

क्षेत्र नं ६ (१) प्रदेशसभातर्फ एमालेकी रीता न्यौपाले दुई हजार आठ सय २६, नेकपा (माओवादी केन्द्र)का जीवन आचार्यले दुई हजार एक सय १३ र राप्रपाका हिरा भट्टराईले एक हजार छ सय ५४ मत प्राप्त गर्नुभएको छ । यस क्षेत्रमा १५ हजार आठ सय १३ मतगणना भएको छ ।

यस्तै मोरङ क्षेत्र नं ४ को प्रतिनिधिसभातर्फ सत्ता गठबन्धन दलका उम्मेदवार नेकपा (माओवादी केन्द्र)का अमनलाल मोदीले सात हजार एक सय ९९ मत ल्याएर अग्रता कायम राख्नुभएको छ । एमालेका विनोदप्रसाद ढकालले चार हजार नौ सय ६७ र राप्रपाका रवि रिजालले तीन सय ७८ मत प्राप्त गर्नुभएको छ । यस क्षेत्रमा १३ हजार नौ सय १८ मतगणना भएको छ ।रासस

**मोटरसाईकल हरायो**

जि. धनुषा मुखियापट्टि मुसहरनिया गाउँपालिका-४ फेचहा, घर अगाडि मा पाकिङ्ग गरि राखेको मेरो निम्न व्यहोरा भएको रातो रंगको स्पलेण्डर प्लस १०० सिसिको मोटरसाईकल २०७९/०८/०५ गते राति करिब १:०० बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ ।

**सवारी धनीको नाम: बल्लु यादव**
**सवारी नं.:** प्र.२-०२-००२ प ३००४
**इन्जिन नं.** : H10AGK9H00255
**चेसिस नं.** : MBLHAR07XK9H00367
**सम्पर्क नं.** : ९८१७६१८७१०

**तपाईंको आज**
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : नयाँ कार्य हुने । |
| कंकट | : पारिवाहिक सुख । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

**रत्न सागर मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

**जानकी मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# समानुतिकतर्फ एमाले अगाडि

काठमाण्डु । प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता देखिएको छ । मंगलवार अपराह्न ५:३० बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार एमालेले एक लाख १३ हजार चार सय ३६ मत प्राप्त गरेको छ ।

नेपाली कांग्रेसले ९७ हजार ८२, राष्ट्रिय स्वतन्त्र पार्टीले ४९ हजार २ ९, नेकपा (माओवादी केन्द्र) ले ४१ हजार आठ सय २३, राष्ट्रिय प्रजातन्त्र पार्टीले २७ हजार आठ सय २१, जनता समाजवादी पार्टी नेपालले नौ हजार १९, जनमत पार्टीले आठ हजार चार सय ८४, नागरिक उन्मुक्ति पार्टीले छ हजार ५९, नेपाल मजदूर किसान पार्टीले पाँच हजार छ सय ७१ र नेकपा (एकीकृत समाजवादी) पार्टीले पाँच हजार ४०३ मत प्राप्त गरेको छ ।



प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले २९ हजार सात सय ५०, कांग्रेसले २४ हजार नौ सय ७७, माओवादी केन्द्रले १० हजार तीन सय ६१, राष्ट्रिय प्रजातन्त्र पार्टीले सात हजार पाँच सय ८० र जनता समाजवादी पार्टीले पाँच हजार एक सय ४ मत प्राप्त गरेका छन् ।

मधेश प्रदेशमा कांग्रेसले पाँच हजार छ सय, एमालेले पाँच हजार चार सय ८७, जनमत पार्टीले चार हजार तीन सय ९८, जनता समाजवादी पार्टी नेपालले दुई हजार पाँच सय २२ र माओवादी केन्द्रले एक हजार नौ सय ९५ मत प्राप्त गरेको छ ।

बागमती प्रदेशमा कांग्रेसले १५ हजार नौ सय २१, एमालेले १५ हजार पाँच सय ५७, राष्ट्रिय प्रजातन्त्र पार्टीले नौ हजार पाँच सय छ, माओवादी केन्द्रले सात हजार चार सय ५६ र नेपाल मजदुर किसान पार्टीले पाँच हजार १९ मत प्राप्त गरेका छन् ।

गण्डकीमा एमालेले २२ हजार ७०, कांग्रेसले १५ हजार सात सय ७१, माओवादी केन्द्रले चार हजार आठ सय ७५, राष्ट्रिय प्रजातन्त्र पार्टीले चार हजार पाँच सय २४ र हाम्रो नेपाली पार्टीले एक हजार नौ सय ६० मत प्राप्त गरेको छ ।

लुम्बिनी प्रदेशमा एमालले ३२ हजार ४८, कांग्रेसले २३ हजार तीन सय ९९, माओवादी केन्द्रले १० हजार छ सय ५५, राप्रपाले सात हजार पाँच सय १९, नागरिक उन्मुक्ति पार्टीले पाँच हजार छ सय १९ मत प्राप्त गरेको छ ।

कर्णालीमा माओवादीले तीन सय ४३, एमालेले एक सय ७९, कांग्रेसले ९९, राप्रपाले ७० र हाम्रो नेपाली पार्टीले छ मत प्राप्त गरेको छ । सुदूरपश्चिम प्रदेशसभाको समानुपातिकतर्फको मत आयोगको प्रणालीमा प्रविष्ट हुन सकेको छैन ।रासस

# १२९ सिटमा मतगणना जारी, ४ को नतिजा सार्वजनिक, सत्ता गठबन्धन ५० प्रतिशत सिटमा अगाडि

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा निर्वाचनको जारी मतगणनामा सत्ता गठबन्धन ५० प्रतिशत सिटमा अगाडि देखिएको छ।

मंगलबार बिहान साढे ५ बजेसम्म प्राप्त तथ्यांकअनुसार १२९ निर्वाचन क्षेत्रमा मतगणना जारी छ। त्यसमध्ये ६५ वटामा सत्ता गठबन्धन अगाडि छ भने तीनवटा निर्वाचन क्षेत्रमा कांग्रेसका उम्मेदवार विजयी भइसकेका छन्। कांग्रेसले मनाङ, मुस्ताङ र काठमाडौं-१ बाट जित हात पारेको हो।

मनाङबाट टेकबहादुर गुरूङ निर्वाचित भएका छन्। उनले २५७५ मत प्राप्त गरेका छन्। त्यस्तै मुस्ताङबाट २९ वर्षका योगेश गौचन थकाली निर्वाचित भएका छन्। उनले ३९९२ मत ल्याएका छन्।

काठमाण्डु १ बाट नेपाली कांग्रेसका प्रकाशमान सिंह निर्वाचित भएका छन्। उनले ७१४३ मत पाएका छन् । मतगणना सकिएका यी तीन क्षेत्र घटाएर गणना जारी रहेको क्षेत्रको मात्र हिसाब गर्ने हो भने सत्ता गठबन्धन ५०.४ प्रतिशत सिटमा अगाडि देखिन्छ ।

सत्ता गठबन्धनमा नेपाली कांग्रेससँगै माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा छन्। हामीले कांग्रेससँग चुनावी तालमेल गरेको लोकतान्त्रिक समाजवादी पार्टीलाई यसमा जोडेका छैनौं ।



त्यस्तै अहिलेसम्मको मतगणनामा एमाले ३५ सिटमा अग्रस्थानमा छ। यो मतगणना भइरहेको १२९ सिटमध्ये २७.१ प्रतिशत हुन आउँछ। एमालेले पनि ललितपुर-२ मा जित निकालेको छ। हामीले यो क्षेत्रलाई पनि मतगणना जारी रहेको क्षेत्रमा जोडेका छैनौं।

ललितपुर-२ मा एमालेका प्रेम महर्जनले जितेका छन्। उनले १५०२५ मत पाएर जितेका हुन्। यसपटक निर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी ६.२ प्रतिशत सिटमा अगाडि छ। स्वतन्त्र पार्टीले ८ सिटमा अग्रता लिइरहेको छ। त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीले ६ सिटमा अग्रता कायम गरेको छ।

मतगणना जारी भएका क्षेत्रमध्ये ४.७ प्रतिशत सिटमा राप्रपा अगाडि छ। अन्य विभिन्न दलहरू ११.६ प्रतिशत सिटमा अगाडि छन्। हामीले अन्यमा राखेकोमा सत्ता गठबन्धनको समर्थन पाएका रौतहटका प्रभु साहसमेत छन्। जारी मतगणनाको रूझान हेर्दा सत्ता गठबन्धनलाई बहुमत ल्याउन सहज देखिएको छ। मतगणना तीव्र रूपमा भइरहेको र उम्मेदवारहरूको अग्रतामा परिवर्तन आइरहेको अवस्था छ ।

# चित्रकार विजयी

काठमाण्डु । ललितपुर निर्वाचन क्षेत्र नं २ प्रदेशसभा सदस्यमा नेपाली कांग्रेसका रामकृष्ण चित्रकार विजयी हुनुभएको छ । सत्ता गठबन्धनकातर्फबाट नेपाली कांग्रेसका उम्मेदवार चित्रकारले नेकपा एमालेका उम्मेदवार ज्ञानेन्द्र शाक्यलाई एक सय ६३ मतले पछि पार्दै बागमती प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।

निर्वाचन अधिकृतको कार्यालयले भर्खरै सार्वजनिक भएको नतिजामा चित्रकारले छ हजार नौ सय ९५ मत प्राप्त गर्नुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का उम्मेदवार ज्ञानेन्द्र शाक्यले छ हजार आठ सय ३२ मत प्राप्त गर्नु भएको निर्वाचन अधिकृत दीपशिखा मुनाकर्मीले जानकारी दिनुभयो ।

निर्वाचन कार्यालयका अनुसार हाम्रो नेपाली पार्टीका मङ्गलकृष्ण श्रेष्ठले पाँच हजार नौ सय ५४, राप्रपाका उम्मेदवार हसिना शाक्यले तीन हजार सात सय ८५, नेमकिपाका महेन्द्र ब्रह्माचार्यले एक हजार एक सय ६८ मत प्राप्त गर्नुभएको छ । जसपाका सवितकुमार महर्जले एक सय ३६, नेश्नलिष्ट पिपुल्स पार्टीका मनिषकृष्ण जोशीले ९७, राष्ट्रिय जनमुक्ति पार्टीका रामहरि कपालीले एक सय ५८, स्वतन्त्र उम्मेदवार मधुर महर्जनले २५, विनोद शाक्यले १८ र ज्ञानी शोभा महर्जनले ६० मत प्राप्त गर्नुभएको छ ।

चालिस हजार सात सय ६७ मतदाता रहेको यस क्षेत्रमा प्रदेशसभा सदस्यका लागि ११ जना प्रतिस्पर्धामा थिए ।रासस

# मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । सोमबार साँझ ईश्वरपुर नगरपालिका-१२ स्थित पूर्व पश्चिम लोकमार्गमा प्रदेश-२-०३-००४ प ७८८४ नम्बरको मोटरसाइकल र ज.११प ८१० नम्बरको मोटरसाइकल आपसमा ठोक्किएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा बारा कलैया उपमहानगरपालिका-१६ घर भएका ४५ वर्षीय कन्हाई चौधरी र महोत्तरीको बर्दिबास नगरपालिका-६ घर भएका २५ वर्षीय सुनिल आले मगरको मृत्यु भएको छ । सुनिल ज.११ प ८१० नम्बरको मोटरसाइकलका चालक हुन् । प्रादेशिक अस्पताल मलंगवामा उपचारको क्रममा उनीहरूको निधन भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका डिएसपी विजय यादवले जानकारी दिए ।

मोटरसाइकलमा सवार बाराको कलैया घर भएका अजय कुमार पटेल र बर्दिबास घर भएकी २४ वर्षीया रुबिना तामाङ घाइते छन् । उनीहरूको उपचार भइरहेको छ ।

# कल सेन्टर सेवा हाललाई बन्द

काठमाण्डु । निर्वाचन आयोगले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि सञ्चालनमा ल्याएको कल सेन्टर सेवा हाललाई बन्द भएको छ ।

निर्वाचन सम्पन्न भएकाले गत असोज २८ गतेदेखि सञ्चालनमा आएको सो टोल फ्रि नम्बर ११०२ हाललाई बन्द गरिएको आयोगले जनाएको छ । रासस

# खाता खोले रेशम चौधरीको पार्टीले

**टुडे समाचारदाता**

धनगढी । प्रतिनिधिसभा सदस्य निर्वाचनतर्फ कैलाली-३ मा गंगाराम चौधरीले सत्ता गठबन्धन र एमालेका उम्मेदवारलाई समेत हराएर विजयी भएका छन् ।

जम्मा खसेको ६३ हजार ४ सय ४० मतमध्ये उनले २३ हजार १ सय २० मत पाए। निकटतम् प्रतिद्वन्द्वी माओवादीका कृष्णकुमार चौधरीले १७ हजार ७ सय ४९ मत पाए। यस्तै, एमालेका



पूर्वमन्त्री समेत रहेका गौरीशंकर चौधरीले ९ हजार ८ सय ७४ मत प्राप्त गरे। राप्रपाका वीरेन्द्र बमले भने ७ हजार ४७ मत प्राप्त गरे।

अब संसदमा टीकापुर घटनाबारेको प्रतिवेदन सार्वजनिक गर्न पहिलो आवाज उठाउने गंगारामको तयारी छ। 'सदनमा बोलेको अन्तर्राष्ट्रिय समुदायले सुन्छ, ७, ८ वर्ष भइसक्दा किन टीकापुर घटनाको प्रतिवेदन सार्वजनिक भएन? भनेर बोल्ने छौं,' उनले भने ।

योसँगै किसानका समस्या, बाढी पीडितका समस्या, बाटो घाटोको विषय, विकास र रोगजगारका एजेण्डा सुनाएर नागरिकसँग भोट मागेको उनले बताए। पार्टीले राखेका माग पूरा भए अब बन्ने सरकारमा पनि सहभागिता रहने उनले बताए।

गंगारामको जितमा उनका स्वर्गीय बुवा फुलरामको भूमिका पनि देखिन्छ। भलमन्सा हुँदा जनताका कुरा सुन्ने बुवा फुलराम चौधरी थारु समुदायमा जनप्रिय थिए। उनी भलमन्सा भएर गाउँमा सबै सामाजिक काममा जनतासँगै उठबस गर्थे। फुलराम नेपाली कांग्रेसबाट वडा अध्यक्ष भए। त्यो भन्दा माथि जान उनले सकेनन्।

पढाउनुपर्छ भनेर फुलरामले छोरा गंगारामलाई केही बन्नुपर्छ भन्ने सिकाए। तत्कालीन थापापुर गाउँ विकास समितिको वडा नम्बर ४ र हालको भजनी नगरपालिका-२ मोहनपुरमा जन्मे हुर्केका गंगारम बुबाको प्रेरणाले स्नातकोत्तरसम्म पढे।

केही गैरसरकारी संस्थामा २२ वर्ष काम गरे। यसै क्रममा सर्वसाधारणसँग उनको आउजाउ भयो। बुवासँगै नेपाली कांग्रेसमा लागेका गंगाराम घरमा आउने नेताहरूसँग पनि चिनजान गरिहाल्थे। पार्टीबाट मेयर पदमा टिकट पाउन उनको आशा २०७४ सालमा पूरा भएन।

उनी भजनीको मेयर हुन २०७४ सालको स्थानीय तहाको चुनावमा बागी उम्मेदवार उठेका थिए। उनले त्यसबेला एक हजार दुई सय भोट पाएको बताए। पछि प्रतिनिधि सभाको चुनावमा रेशम चौधरीले उम्मेदवारी दिएपछि उनी जिताउने अभियानमा लागे। रेशम चौधरी जिताऔं अभियानमा लागेसँगै त्यसबेलाको जनता समाजवादी पार्टीको कैलाली जिल्ला संगठन प्रमुख भए।

रेशमले जिते पनि संसदमा जान पाएनन्। उनले टीकापुर घटना र निर्दोषका पक्षमा बोल्न अरू पार्टीले सहयोग नगरेको महसुस गरे। पछि आफैं पार्टी खोल्नुपर्ने कुरामा रेशमसँग अघि बढाए। 'आफ्नै पार्टी दर्ता गर्नुपर्छ भनेर रेशम दायसँग सल्लाह भयो, म पनि केन्द्रीय सदस्य रहें,' उनले भने।

पार्टी दर्ता भएपछि स्थानीय तहको निर्वाचनमा सहभागी भयो। नागरिक उन्मुक्ति पार्टीले रेशम चौधरीलाई जेलबाट छुटाउने मुद्दालाई प्राथमिकतामा राख्यो। योसँगै टीकापुर घटनामा जेलमा रहेका सबैलाई आममाफी हुनुपर्ने माग राख्दै आएको छ। यो मुद्दा बोकेर चुनावमा गएको नागरिक उन्मुक्तिलाई स्थानीय तहमै कैलालीका ४ पालिका प्रमुख बन्न जनमत आयो।

अहिले प्रदेश र प्रतिनिधि सभा सदस्य पदको चुनावमा पनि यो पार्टीबाट उम्मेदवारी दिइयो। जसमा पार्टी अध्यक्ष तथा रेशम चौधरी पत्नी रञ्जिता कैलाली १ मा र रेशमका बुबा पनि बर्दीया-२ मा उम्मेदवार छन्। नागरिक उन्मुक्तिले निर्वाचनसम्म आइपुग्दा अन्य पार्टी त्याग गरेर आउने धेरै नेतालाई स्वागत गर्ने अवसर पनि पायो। कैलालीमा १ र २ मा पनि नागरिक उन्मुक्ति पार्टीको सुरूआतदेखि नै अग्रता कायमै छ।

# १३२ मतले हारे रवीन्द्र मिश्र



**टुडे समाचारदाता**

काठमाण्डु । सोमबार बिहान मतगणना सुरू भएदेखि नै काठमाडौं क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसका प्रकाशमान सिंह र राष्ट्रिय प्रजातन्त्र पार्टीका रवीन्द्र मिश्रबीच कडा प्रतिस्पर्धा थियो ।

यी दुई उम्मेदवारबीच एकअर्कालाई उछिन्ने क्रम दिनभरि नै चलिरह्यो। थोरै मतले कहिले सिंह अगाडि हुन्थे, कहिले मिश्र ।

आखिरमा १३२ मतले प्रकाशमान सिंहले बाजी मारेका छन्। उनले ७१४३ मत पाएका छन् भने उनका प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र पार्टीका रवीन्द्र मिश्रले ७०११ मत पाएका छन् ।

कुल २७०१० मत खसेको यो क्षेत्रमा २११५ मत बदर भएको थियो। यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका पुकार बम तेस्रो स्थानमा रहेका छन्। उनले नेकपा एमालेका किरण पौडेललाई उछिनेका छन् ।

पुकार बमले ४११२ मत ल्याएका छन् भने किरण पौडेलले ३५०८ मत ल्याएका छन्। नेपाल सुशासन पार्टीका रमेश खरेलले पनि ३१२१ मत ल्याएका छन् ।

# रविले बुझाए स्पष्टीकरण

**टुडे समाचारदाता**

चितवन । नागरिकता प्रकरणमा चितवन क्षेत्र नं. २ का उम्मेदवार एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले निर्वाचन आयोगमा स्पष्टीकरण बुझाएका छन् ।

विदेशी नागरिकता लिएका कारण खारेज भएको नेपाली नागरिकता पेश गरेर उम्मेदवारी दर्ता गराएको तथा पुनः नागरिकता प्राप्तिको प्रक्रियामा नगएको भन्दै उनको उम्मेदवारी खारेजीको माग गर्दै निर्वाचन आयोगमा उजुरी परेको थियो ।

उजुरीका सन्दर्भमा लामिछानेले स्पष्टीकरण बुझाएको चितवनका मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापाले जानकारी दिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयले ७ दिन समय दिएर रविलाई स्पष्टीकरण पेश गर्न भनेको थियो । रविले मंगलबार सातौं दिन स्पष्टीकरण बुझाएका हुन् । लामिछानेले सातौं दिनको अन्तिम समय पारेर स्पष्टीकरण मंगलबार दिउँसो ४.३० बजेतिर मुख्य निर्वाचन अधिकृतलाई शिलवन्दी गरेर बुझाएका हुन् । मुख्य निर्वाचन अधिकृत थापाले लामिछानेले बुझाएको स्पष्टीकरण सिधै केन्द्रमा पठाउने र केन्द्रले नै निर्णय लिने बताए ।

'उहाँले शिलबन्दी गरेर बुझाउनुभएको छ, हामीले ढिला गरी पायौं, जतिसक्दो छिटो आयोगमा पठाउछौं', मुख्य निर्वाचन अधिकृत थापाले भने, 'हामीले यहाँ केही नगर्ने भएकोले शिलबन्दी नखोली पठाउँछौं ।'

भरतपुरबाट बुधबार बिहान जहाजमार्फत शो स्पष्टीकरण पत्र निर्वाचन आयोगमा पठाइने मुख्य निर्वाचन अधिकृत कार्यालय स्रोतले बताएको छ । रवि उम्मेदवार रहेको चितवन-२ मा हाल मतगणना भइरहेको छ र मंगलबारदेखि उनले अग्रता लिन थालेका छन् ।

# झापा क्षेत्र नं २ एमालेर ३ मा राप्रपाको अग्रता कायमै

झापा । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनको मतगणना झापामा धमाधम भइरहेको छ ।

मंगलवार प्राप्त मतपरिणाम अनुसार झापा क्षेत्र नं २ (नेकपा) एमालेका उम्मेदवार देवराज घिमिरेको अग्रता कायमै रहेको छ । ३४ हजार एक सय ६२ मत गणना गर्दा घिमिरेले ११ हजार तीन सय ४० मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत केशवप्रसाद पन्थले जानकारी दिनुभयो । यहाँ दुई हजार ४६ मत बदर भएको उहाँले बताउनुभयो ।

त्यस्तै, स्वतन्त्र उम्मेदवार भद्रप्रसाद नेपाल (स्वागत) १० हजार एक सय ८० मतका साथ दोस्रो स्थानमा हुनुहुन्छ भने सत्ता गठबन्धनका उम्मेदवार हरिकुमार राना पाँच हजार नौ सय ५६ मतका साथ तेस्रो स्थानमा र राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार तीन हजार दुई सय ९३ मतका साथ चौथो स्थानमा हुनुहुन्छ ।

झापा २ को प्रदेशसभा १ र २ दुवैमा एमालेका उम्मेदवारले अग्रता कायम गरेका छन् । प्रदेशसभा १ मा एमालेका एकराज कार्की आठ हजार दुई सय ३१ मतका साथ पहिलो स्थानमा हुनुहुन्छ भने लोकतान्त्रिक-वाम गठबन्धनका पुष्पराज पोखरेल दुई हजार सात सय ४७ मतका साथ दोस्रो स्थानमा हुनुहुन्छ ।रासस





रोजगार बनौ । Admission Open रोजगार बनौ ।।

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

- ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

- बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
- सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
- सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यूनतम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस् ।

**फारम भर्ने अन्तिम मितिः**- २०७९/मंसिर/०८ गते सम्म


**पुनः प्रवेश परीक्षा हुने मितिः**- २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम

फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### मधेशमा जनमतमाथि भरोसा

प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमा मधेश प्रदेशका मतदाताहरुले जनमत पार्टीमाथि भरोसा देखाएका छन् । मधेशको नाममा राजनीति गरे पनि राष्ट्रिय पार्टीको मृगतृष्णा राखेका जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) भन्दा जनमत पार्टी र त्यसका अध्यक्ष डा.सी.के.राउतमाथि विश्वास गरेका छन् । मधेशको नाउँमा राजनीति गरेर मधेशका मुद्दालाई नै समाप्त गर्ने जसपाका अध्यक्ष उपेन्द्र यादव चुनावमा पराजय भोग्ने अवस्थामा छन् । लोसपाका नेताहरुको अवस्था पनि दयनीय छ । चुनावमा जित र हारलाई अस्वभाविक रुपमा लिनु हुँदैन् । तर जनताको अभिमत प्रकट गर्ने प्रमुख माध्यम नै मतदान रहेको र त्यस प्रक्रियाबाट चुनिन नसक्नु राजनीतिकर्मीका लागि दुखद पक्ष भने हे । जनताबाट अनुमोदित हुन नसक्ने नेताले पाँच वर्ष विपक्षमा वस्नुपर्ने बाध्यता हुन्छ । जसपाका अध्यक्ष यादव अथवा लोसपाका नेताहरुको पराजय र विजयले मधेशको मुद्दा स्थापित हुने वा समाप्त हुने अवस्था रहेन् । देशका ठूला दलको पछाडि लागेर चुनावमा आएका नेताहरुलाई मधेशका मतदाताहरुले पत्याएनन् । मधेशमा एक्लै चुनाव लडेका जनमत पार्टीलाई मतदाताहरुले पत्याए । जसपा र लोसपाका नेताहरुमा अहंकार र पदीय लालच निकै बढेको थियो । पार्टीलाई संगठन जस्तो संरचनामा सञ्चालन हुन नै दिएनन् । पार्टीका अध्यक्षको खल्तीमा संगठन रहने र उनको बोली नै निर्णय हुने परिपाटीले बेथिती ल्यायो । जनमत पार्टीका अध्यक्ष सी के राउतले मधेशमा बहुत ठूलो उथलपुथल हुने कुनै काम गरेनन् । तर जसपा र लोसपाको क्रियाकलापबाट आक्रोशित मतदाताले उनलाई विकल्पको रुपमा रोजे । मधेशमा भोट लिएर पहाडका नेतालाई संसदमा पुऱ्याउने, नगद लिएर सिट बेच्ने नेताहरुलाई मतदाताले अस्वीकार गरेका छन् । मधेशको मतलाई दुरुपयोग गर्ने नेताहरुलाई मधेशका मतदाताहरुले पाखा लगाएका छन् । हुनत मधेशका मतदाताहरुले जनमतको भन्दा नेपाली कांग्रेस, नेकपा एमालेप्रति नै बढी विश्वास व्यक्त गरेका छन् । त्यसको कारण दलालको भन्दा सोझै दललाई नै मतदान गर्नु पनि हुन सक्छ । जसपाले एमालेलाई बोकेर ल्याएको र लोसपा कांग्रेसको रुखमुनी ओत लिएको अवस्थामा मतदाताले सोझै कांग्रेस र एमालेलाई पत्याए । कांग्रेस र एमालेले मधेश प्रदेशमा समेत समानुपातिक मत राम्रो पाएका छन् । जसपा र लोसपालाई समानुपातिकतर्फ पनि मतदान गरेका छैनन् । ५० भन्दा बढी सिट जितेर राष्ट्रिय सत्ताको निर्णायक शक्ति बनेको जसपा अहिले १० सिट पनि जित्ने अवस्थामा छैन् । जनमतलाई मधेशी मतदाताको 'मुड' लाई बुझ्न नसक्ने नेतालाई विश्राम गर्ने अवसर दिनु नै उपयुक्त हो ।

# चुनाव र यसमा सहभागीको व्यग्रता



सञ्जय साह मित्र

गत ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको मतगणना भइरहेको छ । मतगणना भइरहँदा परिणाम आउने क्रम पनि सुरु भएको छ । मतको परिणाम आउनलाई हुनुपर्ने मतगणना जारी रहँदा देशमा अझै कतिपय ठाउँमा मतदान हुन पनि बाँकी छ । स्थगित वा रद्द भएका कतिपय ठाउँको पुनः मतदानपछि मतगणना सुरु हुनेछ । यसरी सम्पूर्ण देशको मतगणनापछि आउने मत परिणाम वा सफलताको आधारमा देशमा नयाँ सरकार गठनको प्रक्रिया आरम्भ हुने छ । देशमा नयाँ सरकारको गठनको लागि भयो यो लोकतान्त्रिक व्यवस्थाको महापर्वले दिने परिणामलाई हरेकले मान्ने कुरामा दुई मत रहेको छैन । अहिलेसम्म कुनै पनि दलले यसपटकको चुनावमा धाँधली भयो भनेर भनेको छैन । फाट्फुट्ट घटनाहरु भएको खबर आएको हो । यसपटकको चुनावलाई समग्रमा सबैतिर निकै राम्रो भनिएको छ । सबैले चुनावको प्रशंसा गरेका छन् । चुनाव व्यवस्थित भएको छ । यसरी चुनाव व्यवस्थित करिब देशभर मतगणना प्रक्रिया चलिरहँदा मतदानमा सहभागी मतदाताहरुमा भने व्यग्रता छाएको छ । मतदाताहरु पलपलको चुनावी खबर पाउन खोजिरहेका छन् । कसरी हुन्छ, चुनाव परिणामको हरेक खबर कुनै पनि किसिमले आफूकहाँ आओस् भन्ने चाहना मतदातामा देखिएको छ । यसलाई पनि स्वाभाविक मान्नु उचित हुन्छ किनभने आफूले दिएको मतको अन्तिम परिणति जान्न पाउनु स्वाभाविक हो र लोकतन्त्रको यो एउटा सुन्दर गहना पनि हो ।

मत परिणाम जान्न चाहने मतदाता दुई किसिमका छन् । मुख्य गरी सहर वा बजारमा रहेका तथा इन्टर नेटको पहुँचमा रहेका मतदाताहरु जो शिक्षित छन्, ले मोबाइलबाट तुरुन्तातुरुन्तै मत परिणाम थाहा पाइरहेका छन् । अर्कोथरि ग्राम्रीण तथा विपन्न नागरिक छन् । भोटको दिन भोट दिएर खाली को जिते भन्ने सुन्न चाहन्छन् । यस्ता मतदाताहरु भने मतको गन्ती कहाँ भइरहेको भन्ने थाहा पाएका छन् तर को अगाडि छ वा को जित्दैछ भन्ने कुरो तत्काल बुझ्न त्यत्ति फुर्सन निकाल्न चाहँदैनन् । कोही कसैसित भेट हुनासाथ भने अलिकति सोधिहाल्छन् । अलिकति थाहा पाएर आफ्नो काममा लागि हाल्छन् ।

अनि मनमनै विश्लेषण गर्न थाल्छन् । वास्तवमा यस प्रकृतिका मतदातालाई भोटको दिन भोट दिनसित मतलब हुन्छ । काम नगरी पेटमा अन्न पुग्दैन र कुनै पनि कारणले आफ्नो काम बिग्रियो भने सम्हाल्ने कोही हुँदैनन् भन्ने मात्र थाहा पाएका हुन्छन् । मुख्य गरी श्रमिक विपन्न समुदायका नागरिकमा भोटको परिणाम कस्तो आउला भन्ने खासै चिन्ता हुँदैन । सर्वसाधारण नागरिकको हैसियतले पाउने सेवा र सुविधामा कटौती नहोओस् भन्ने चाहना मात्र हुन्छ । अझै सामान्य किसानको चाहना हुन्छ कि समयमा आफ्नो श्रमको मूल्य प्राप्त होओस् र केही पर्दावर्दा हेरिदिने सरकार होओस् । सरकारसित सुविधा पाउने लालसा त सबैमा हुन्छ । दोस्रो थरिका मतदातालाई खासै धेरै आशा भने हुँदैन किनभने वास्तवमा सिमान्त नागरिक हुन् ।

अहिले धानको कटनी उत्कर्षमा छ । साथै किसानहरु गहुँबाली लगाउने क्रममा पनि रहेका छन् । एकातिर छिटो धानबाली आफ्नो घरमा भित्र्याएर एक वर्षको लागि अन्न सुरक्षित पार्न चाहन्छन् भने अर्कोतिर आफ्नो खाली भएको खेतमा तुरन्तातुरुन्तै मसुरो वा गहुँ लगाइएन भने खेतको चिस्यान सुक्छ र बाली उम्रन ढिलो हुने भई उत्पादनमा कमी आउला भन्ने डर छ । हो, किसानलाई अहिले दोहोरो चटारो छ । यत्तिको चटारोको बिचमा पनि किसानको लागि भोटको परिणाम जान्नु परेको छ ।

यसैले उत्सुक र जिज्ञासु किसान मतदाताहरु अरुलाई सोधिरहन्छन् । अरुबाट जानकारी प्राप्त गर्नको आफ्नो समय चाहिँ बर्बाद पार्न चाहँदैनन् तर उत्सुक भने हुन्छन् । खेतको बाली घरमा ल्याउने र खेतमा नयाँ बाली लगाउने मुख्य समयमा लोकतान्त्रिक प्रक्रियाको उत्कर्षको रुपमा मानिने चुनावले केही छोपेको अवश्य थियो तर मतदान गरेपछि चुनावको परिणाम आउन लाग्दा त्यहीँ जान्ने फुर्सद नहुनुको सुख पनि किसानलाई रहेको छ । यो यस्तो सुख हो जहाँबाट आफ्नो भविष्यको एक वर्ष सुरक्षित हुन सकोस् । किसानको अगाडि बाली भित्र्याउने र लगाउने निकट वर्तमान छ भने आफूले दिएको मतको परिणाम जान्न पाउने अवसरमा पाँच वर्ष टिकेको छ । आफूले दिएको मतले पाँच वर्ष सरकारको स्वरुप कस्तो हुने र देशको विकास तथा समस्याको निकास कसरी हुने भन्ने पनि टिकेको छ । यसकारण पनि हुनुपर्छ मतदाताहरु चुनावको नतिजा जान्न विभिन्न उपायहरु अपनाएका छन् ।

अहिले करिब हात हातमा मोबाइल छ । मोबाइलमा इन्टरनेटको सुविधा छ । इन्टरनेटले सबै समाचार ताजा नै राखिरहेको हुन्छ । अझ सामाजिक संजाल फेसबुकले त निकै ठूलो भूमिका खेलिरहेको छ । फेसबुकमा तुरन्तातुरुन्तै ताजा समाचारहरु आइरहँदा यसको पहुँचमा नभएका तथा पहुँचमा भए पनि आफूले चलाउन त्यत्ति नजान्ने व्यक्तिले भने केही अप्ठ्यारो महसुस गरिरहेका छन् । मतगणनास्थलमा पनि भीड कम छैन । मतगणनास्थलमा भीड कम नहुँदा नजिकै गएर मतदाता तथा नेताका कुरा सुन्न र मतपरिणामको भिन्न भिन्न तरिकाले विश्लेषण गर्न सजिलो भएको छ । वायदे वायदे तत्वबोध भनेझैँ मतगणनाको स्थलमा पुग्दा मतदाता तथा बुद्धिजीवीहरुले चुनाव र मतपरिणामको मात्र होइन, भविष्यको सरकारदेखि संसदको पक्ष र विपक्ष अर्थात् सरकार पक्ष र सरकारको प्रतिपक्षमा रहने दलको व्यवहार र सन्तुलनबारे पनि कुराकानी गरिरहेका छन् । अहिले त यत्तिसम्म पनि देखिएको छ कि जित्ने सम्भावना भएका उम्मेदवारको निकट भएर आफूले गरे वा नगरेको सहयोगको पनि लेखाजोखा सुनाइरहेका छन् । मतगणना जारी रहँदा हरेक घोषणा हुँदा वा कसैको फेसबुकमा नयाँ कुरा आउँदा तत्कालै सन्तुष्ट हुन खोज्ने वा असन्तुष्टि जाहेर गरिहाल्ने प्रवृत्ति बढेको छ । एउटा बुथमा रहेको एउटा मतपेटिका वा एउटा वडाको वा केही वडाको मतपरिणाम आउनासाथ उम्मेदवारका निकटस्थ सहयोगीले कसले सहयोग गरेको हो, कसले चाहिँ सहयोग नगरेको, कसले भोट दिएको, कसले भोट दिलाएको भनेर तत्काल विश्लेषण सुरु भइहाल्छ । कहाँ कुन कारणले अलिकति कमजोर हुन पुगेको हो भन्ने विश्लेषण पनि हुन्छ । यद्यपि धेरै भोट आउँदा भने कसैलाई स्यावासी दिने काम हुँदैन । अहिलेको चुनावको कुनै पनि क्षेत्रको अन्तिम परिणाम नआउँदासम्म मुख्य प्रतिस्पर्धामा रहेका दलका उम्मेदवार वा स्वतन्त्र उम्मेदवार तथा तिनका आफन्तहरु भने सन्तुष्ट हुने अवस्था रहेको देखिँदैन ।

*मतगणनास्थलमा पनि भीड कम छैन । मतगणनास्थलमा भीड कम नहुँदा नजिकै गएर मतदाता तथा नेताका कुरा सुन्न र मतपरिणामको भिन्न भिन्न तरिकाले विश्लेषण गर्न सजिलो भएको छ । वायदे वायदे तत्वबोध भनेझैँ मतगणनाको स्थलमा पुग्दा मतदाता तथा बुद्धिजीवीहरुले चुनाव र मतपरिणामको मात्र होइन, भविष्यको सरकारदेखि संसदको पक्ष र विपक्ष अर्थात् सरकार पक्ष र सरकारको प्रतिपक्षमा रहने दलको व्यवहार र सन्तुलनबारे पनि कुराकानी गरिरहेका छन् । अहिले त यत्तिसम्म पनि देखिएको छ कि जित्ने सम्भावना भएका उम्मेदवारको निकट भएर आफूले गरे वा नगरेको सहयोगको पनि लेखाजोखा सुनाइरहेका छन् । मतगणना जारी रहँदा हरेक घोषणा हुँदा वा कसैको फेसबुकमा नयाँ कुरा आउँदा तत्कालै सन्तुष्ट हुन खोज्ने वा असन्तुष्टि जाहेर गरिहाल्ने प्रवृत्ति बढेको छ । एउटा बुथमा रहेको एउटा मतपेटिका वा एउटा वडाको वा केही वडाको मतपरिणाम आउनासाथ उम्मेदवारका निकटस्थ सहयोगीले कसले सहयोग गरेको हो, कसले चाहिँ सहयोग नगरेको, कसले भोट दिएको, कसले भोट दिलाएको भनेर तत्काल विश्लेषण सुरु भइहाल्छ ।*

लोकतन्त्रले लोकतन्त्रको, लोकतान्त्रिक प्रक्रियाको तथा उम्मेदवार र दलको पनि समीक्षा गर्दछ । नेपालको लोकतन्त्रलाई यस चुनावले बलियो बनाएको छ । सक्षम साबित गरिदिएको छ । अहिलेको चुनाव केही खर्चिलो भने अवश्य भएको छ र अबको दिनमा कसरी कम खर्चिलो हुन्छ भन्ने विषयमा सोच्न पनि बाध्य बनाएको छ । लोकतन्त्रले खर्चिलो बनाएको होइन, यो त व्यवस्था हो, प्रणाली हो । यसलाई संचालन गर्ने भोटको प्रक्रियामा रहेका केही जटिलताले गर्दा यो हरेक वर्ष केही महँगो हुँदै गएको अवश्य हो । अहिलेको चुनावमा प्रत्यक्ष र अप्रत्यक्ष खर्च बढी भएको देखेर सर्वसाधारणले यो भन्न बाध्य हुनुपरेको छ कि लोकतन्त्रमा यत्ति महँगो चुनाव हुनुहुँदैन । यहीँनेर खुसीको कुरो भएको छ कि लोकतान्त्रिक चुनावलाई कम खर्चिलो बनाउन सर्वसाधारण पनि चिन्तित देखिएका छन् । यसले भविष्यमा एउटा निकास दिने कुरामा विश्वास गर्न सकिन्छ । चुनावको परिणाम आइरहँदा मतगणनास्थलमा पनि मुख्य प्रतिस्पर्धी उम्मेदवारहरुले खर्च गर्नु परिरहेको छ । आफूलाई प्रतिस्पर्धामा रहेका ठानेकाहरुले मतगणनास्थल वरिपरि टेन्ट गाडेर खाजा तथा खानाको व्यवस्था गरेका छन् र कतिपयले त होटलमा पनि यस किसिमको व्यवस्था गरेका छन् जसले गर्दा महँगोमाथि महँगो चुनाव भइरहेको देखिएको छ ।

कतिपयले के विश्लेषण गरिरहेका छन् भने अपेक्षाकृत मतगणना ढिलो भएको छ । यो स्वाभाविक हो । मनको गतिसित मतगणना त हुनै सक्दैन । यसको लागि त मेसिन नै हुनुपर्छ र हाम्रो चुनावमा अझै पनि मेसिनको प्रयोग हुन सकेको छैन । मतगणना मानिसले नै गरिरहेका छन् । कुनै पनि क्षेत्रमा एक दुई जना मात्र उम्मेदवार छैनन् ।

उम्मेदवार धेरै हुँदा मतगणनामा पनि उम्मेदवारका मतगणना प्रतिनिधि धेरै जना हुन्छन् । हरेक मतको गन्ती गर्दा सम्भव हुँदासम्म हरेक मतगणना प्रतिनिधिले हेर्न पाउनु पर्छ । मतगणनास्थलमा बस्नुको मुख्य औचित्य नै यही हुन्छ कि आफूलाई जसले खटाएका हुन्, तिनको लागि मतगणनामा कुनै गडबड नहोओस् । उनको पक्षमा आएको हरेक मतको चाहिँ गन्ती होओस् । हरेक मतपत्रलाई हेर्न पाऊँ । आफ्नो भए नभएको तथा अरुको पनि भए कसको हो, उसैको गिन्ती होओस् । एउटाको चुनाव चिन्हमा लागेको छाप चाहिँ अर्काको भने गन्ती नहोओस् र बदर मत पनि गन्ती नहोओस् ।

यत्ति भएपछि आफ्ना उम्मेदवारलाई सही कुरा बताउन सजिलो हुन्छ । आफू बाहिर आउँदा आफ्ना उम्मेदवारले कति मत ल्याएका हुन् भन्ने कुरा आधिकारिक रुपमा बताउन सकियोस् । साथै मतगणनाको प्रक्रियामा सहयोग गर्न सकूँ । निर्वाचनको एउटा मुख्य पाटो मतगणना पनि भएकोले मतगणनालाई पनि स्वच्छ तथा निष्पक्ष बनाउन सकूँ । यही विचारले प्रेरित मतगणना प्रतिनिधिमाथि यो पनि जिम्मेवारी हुन्छ कि आम मतदाताको व्यग्रतालाई शान्त पार्न सकूँ । लोकतन्त्रमा सम्पूर्ण मतदातालाई मतको प्रयोग गरेपछि नतिजा जान्न पाउने अधिकार छ, यसलाई व्यग्रतापूर्वक र विवेकपूर्ण तरिकाले अहिले आम नागरिकले प्रयोग गर्ने काम गरिरहेका छन् । यसलाई पनि लोकतन्त्रको एउटा महत्वपूर्ण सुन्दरतमा मान्नुपर्छ ।

# स्वास्थ्य बिमा कार्यक्रमले सामुदायिक फार्मेसीहरुमा परेको प्रभाव



नविन विष्ट

नेपाल सरकारले सन २०१५ मा नेपालमा स्वास्थ्य बिमा सेवाको सुरुवात गरेको हो। सुरुमा बागलुङ,कैलाली र इलाम जिल्लाबाट सुरु भएको यो कार्यक्रम अहिले नेपालको ७७ वटै जिल्लाका जनताहरूलाई सेवा दिइरहेको छ। स्वाथ्य सेवा देशका सबै नागरिकहरूले सहुलियत मूल्यमा पाउनुपर्छ भन्ने उद्देश्यले सुरुवात गरेको यो कार्यक्रमले देशका मुख्यतः गरिब अनि विपन्न वर्गका मानिसहरूलाई धेरै राहतको काम गरिराखेको छ। स्वाथ सेवा देशका सबै नागरिकहरुको मौलिक अधिकार भएको अनि देशका सबै नागरिकहरुलाई सस्तो मूल्यमा स्वास्थ्य सुविधा उपलब्ध गराइरहेको हुँदा स्वास्थ्य बिमा कार्यक्रम देशको सफल अनि नेपाल सरकारको एउटा प्रशंसा गर्नयोग्य कार्यक्रम बन्न पुगेको छ।

नेपाल सरकारले यस स्वास्थ्य बिमा कार्यक्रम दीर्घकालिन रूपमा अगाडि बढाउन उत्कृष्ट नीति र योजना बनायता पनि यसको कार्यान्वनमा भने केही कमजोरीहरु भएको पछिल्ला दिनहरूमा बिरामीहरूको निराशाबाट अनुभूति गर्न सकिन्छ। सरकारले यस बिमा कार्यक्रम लागुहुने सरकारी अस्पतालमा सबै प्रकारका चेकजाँचका उपकरणहरू उपलब्ध नहुँदा, दक्ष जनशक्तिको अभाव,सीमित प्रकारका मात्रै औषधिहरू उपलब्ध हुँदा आधाउँदि मात्रै सुविधा बिमा अन्तरगत पाइने बिरामीहरूको गुनासो छ ।

यस समस्यालाई समाधान गर्नको लागि सरकारले पहल नगरेको भने होइन। यस कार्यक्रममार्फत प्राथमिक स्वास्थ्य केन्द्रमा सम्भव नभएका सुविधाहरु बिरामीहरूलाई उपलब्ध गराउनका निमित्त सरकारले देशका विभिन्न ठाउँमा रहेका सुविधा सम्पन्न प्राइभेट अस्पतालहरुसँग समन्वय गरेको छ। यद्दपि सरकारले समयमै ती अस्पतालहरुलाई पैसा भुक्तानी नगर्दा यो सुविधा प्राइभेट अस्पतालहरुले बेलाबेलामा बन्द गरिदिने हुँदा बिरामीहरूलेनै सास्ती बहोर्नुपरेको गुनासो छ। साथै बिमाको रकम बराबरको सुविधा लिइसकेपछि प्राइभेट अस्पतालकै रेटमा बिपन्न नागरिकहरुले पैसा तिर्न नसक्ने हुँदा अर्को समस्या देखिएको छ। घरबाट टाढा बस्दै गर्दा बिरामी भएमा प्राथमिक केन्द्रमा गएर रिफर ल्याउनुपर्ने,सामान्य चेक र औषधिको लागि पनि चिकित्सकको प्रेस्क्रिप्सन चाहिने र रिफरको समय अवधि छोटो हुँदा समस्या भएको घरबाट टाढा बस्ने विमितहरुको गुनासो छायस बिमा कार्यक्रम लागूहुने, देशको जुनसुकै स्वास्थ्य केन्द्रबाट सजिलै बिमाको सुविधा पाउनुपर्ने व्यवस्था सरकारले मिलाइदिन पर्ने उनीहरूको आसय छ।

फार्मेसी क्षेत्रमा केन्द्रित भएर हेर्दा स्वस्थ्य बिमा बोर्ड सुविधा थैलीमा उल्लेखित गरे अनुसार ११०८ प्रकारका औषधिहरू अस्पताल फार्मेसीबाट बिमितहरुलाई निःशुल्क उपलब्ध हुने जनाइएको छ। यती धेरै औषधिहरू निःशुल्क रूपमा पाइने हुँदा बिरामी तथा दीर्घरोगीहरुलाई आर्थिक रूपमा धेरै सहायता भएपनि सामुदायिक फार्मेसीहरुमा भने यो स्वास्थ्य बिमा कार्यक्रमले निकै असर परेको पछिल्ला दिनहरूमा देखिएको छ। प्रायः सामुदायिक फार्मेसीहरुमा दैनिक रूपमा दिर्घोघगीहरुलाई चाहिने प्रेसर,सुगर,दम इत्यादिका औषधीहरु विशेष रूपमा बिक्री वितरण भएको पाईन्छ। दैनिक रूपमा जटिल तथा महंगा औषधि भन्दा पनि सामान्य रूपमा ओभर द काउन्टर औषधिहरु बेचेर सामुदायिक फर्मासिस्टहरुले जीविकोपार्जन गरेको पाईन्छ। आजकल स्वास्थ्य बिमा अन्तर्गत यी प्रायजसो सबै औषधिहरू निःशुल्क रूपमा पाइने हुँदा सामुदायिक फार्मेसीहरुमा व्यापार ह्वात्तै घटेको पाइएको छ । यति धेरै औषधिहरू निःशुल्क रूपमा सरकारी अस्पताल फार्मेसीबाट सजिलै उपलब्ध हुने भएपछि सामुदायिक फार्मेसीहरुमा व्यापार नै नभए सरह देखिएको छ।

यस स्वास्थ्य बिमा कार्यक्रमले देशभरिका सामुदायिक फार्मेसीहरुमा प्रतिकूल असर देखिएको छ, मुख्यतः सहरी भन्दा पनि ग्रामीण क्षेत्रमा बिरामीहरूलाई औषधि सुविधा दिन खोलिएका सामुदायिक फार्मेसीहरु बन्द हुने नै स्थिति मा पुगेका छन भने कतिपय त बन्द नै भइसकेका छन्। सहरी क्षेत्रमा पनि कतिपय सामुदायिक फार्मेसीहरुले व्यापार नहुँदा स्टाफलाई तलब र पसल भाडा पनि तिर्न मुस्किल भएको गुनासो गरेको पाइएको छ। औषधि उपचारमा चाहिने प्राय सबै किसिमका औषधिहरू स्वास्थ्य बिमा कार्यक्रमबाट निःशुल्क रूपमा नै अस्पताल फार्मेसीबाट पाइने हुँदा बिरामीहरु सामुदायिक फार्मेसी तिर आउन छाडेको उनीहरूको गुनासो छ। अझ सरकारले अब बिमाको सुविधा बढाएर १० लाख सम्मको बनाउने योजना गरिरहेको हुँदा उनीहरूमा झन् निरासा बढेको छ।

*यस स्वास्थ्य बिमा कार्यक्रमले देशभरिका सामुदायिक फार्मेसीहरुमा प्रतिकूल असर देखिएको छ, मुख्यतः सहरी भन्दा पनि ग्रामीण क्षेत्रमा बिरामीहरूलाई औषधि सुविधा दिन खोलिएका सामुदायिक फार्मेसीहरु बन्द हुने नै स्थिति मा पुगेका छन भने कतिपय त बन्द नै भइसकेका छन् । सहरी क्षेत्रमा पनि कतिपय सामुदायिक फार्मेसीहरुले व्यापार नहुँदा स्टाफलाई तलब र पसल भाडा पनि तिर्न मुस्किल भएको गुनासो गरेको पाइएको छ । औषधि उपचारमा चाहिने प्राय सबै किसिमका औषधिहरू स्वास्थ्य बिमा कार्यक्रमबाट निःशुल्क रूपमा नै अस्पताल फार्मेसीबाट पाइने हुँदा बिरामीहरु सामुदायिक फार्मेसी तिर आउन छाडेको उनीहरूको गुनासो छ । अझ सरकारले अब बिमाको सुविधा बढाएर १० लाख सम्मको बनाउने योजना गरिरहेको हुँदा उनीहरूमा झन् निरासा बढेको छ ।*

औषधि व्यवस्था विभागका अनुसार नेपालमा हालसम्म २७ हजार ९०३ फार्मेसीहरु दर्ता भएका छन्। अब सामुदायिक फार्मेसीहरुमा भोलि कतै फार्मेसीनै बन्द पो गर्नुपर्ने स्थिति हुनेहो कि भन्ने कुराको त्रास उत्पन्न भएको पाईन्छ। वर्षौंदेखि यिनै फार्मेसीबाट नै गुजारा चलाउँदै आइरहेका र सामुदायिक फार्मेसी खोलेर नै जीविकोपार्जन गर्छु भनेर सोच बनाएका देशका यतिधेरै फर्मासिस्टहरु भोलि सम्झेर नै निरास भएका छन् ।

हालसम्म काउन्सिलमा दर्ता भएका डिप्लोमा तहका ८ हजार ३ सय ५९ र ब्याचलर तर्फ ४ हजार २ सय ६१ जना गरी नेपालमा हाल १२ हजार ६ सय २० जना फर्मासिस्टहरु छन्। वर्षेनी नेपालमा डिप्लोमा तहमा २ हजार देखि २२ सय र ब्याचलर तहमा १ हजारदेखि १५ सयसम्म जनशक्ति उत्पादन हुने गर्छन्। एक वर्षमा यति धेरै फर्मासिस्टहरु करिब (३०००-३५००) पढाउन सिट निर्धारण गरेको सरकारले सरकारी स्तरमा निकै न्यून मात्रामा करिब १ प्रतिशत भन्दा पनि कम संख्यामा लोकसेवा आयोगमा विज्ञापन खुलाउँदै आएको पाईन्छ। सरकारी सेवामा प्रवेश गर्न निकै कम संख्याको माग हुने र नाम निस्कने मौका निकै न्यून हुने हुँदा अधिकांश पदाई सकेका फर्मासिस्टहरुले कि त आफै कम्युनिटी फार्मेसी खोल्ने कि कम्युनिटी फार्मेसीहरुमा जागिर गर्ने गरेको पाईन्छ ।

यस कुराले नेपालका अधिकांश फर्मासिस्टहरु सामुदायिक फार्मेसीमा कतिधेरै निर्भर छन् त भन्ने कुरा दर्साउँछातर आहिले स्वास्थ्य बिमा कार्यक्रमले सृजना गरेको वातावरणले देशका यति धेरै दक्ष जनशक्तिको भविष्य अन्योलमा परेको छ। साथै फार्मेसी पढ्ने सोच बनाइरहेका र पढ्दै गरेका विद्यार्थीहरुलाई समेत पढ्नेबेलामा यति धेरै पैसा खर्च गरेर पढेर भोलि कतै बेरोजगार पो बस्न पर्ने हो कि भन्ने चिन्ताले निरुत्साहित परेको छ। फार्मेसी पढाउन खोलिएका शैक्षिक संस्थाहरु पनि विद्यार्थीहरुको फार्मेसी पेसा तर्फको घट्दो आकर्षण र विद्यार्थी भर्ना हुने संख्या वर्षेनि रूपमा घट्दो देख्दा निकै चिन्तित बनेका छन्। यस्तो अवस्थाले भोलि कतै फर्मासिस्टहरुको अस्तित्व नै सकिने पो होकी भन्ने प्रश्न पनि उत्पन्न गरेको छ।

यस समस्याको समाधानको बाटो सोच्दा,आफ्नो देशका जनता हरुलाई सुलभ मूल्यमा गुदस्तर स्वास्थ्य सेवा प्रदान गर्नु सरकारको दायित्व हो साथै आफ्नो देशमा उत्पादन भएका यति धेरै दक्ष जनशक्ति (फर्मासिस्ट) लाई रोजगारको वातावरण सृजना गर्न पनि सरकारको भूमिका रहनुपर्छ। हालसम्मको स्थिति हेर्दा स्वास्थ्य बिमा बोर्ड सुविधा थैलीमामा करिब ११०८ औषधिहरु उपलब्ध हुने जनाएपनि कहिले औषधिको अभाव,कहिले टेन्डर भएता पनि औषधि अस्पतालमा नआइपुगेको इत्यादीको समस्या देखाई कतिपय औषधिहरू बिरामीहरु बाहिर सामुदायिक फार्मेसीबाट किन्न बाध्य भएको पाइन्छ। यहाँ पनि बिमितहरु आफूले निःशुल्क पाउन पर्ने औषधि बाहिर सामुदायिक फार्मेसीमा पैसा तिरेर किन्न बाध्य छन्।

स्वास्थ्य बिमा प्रतिको जनताको सचेतना र बढ्दो आकर्षणले अस्पताल फार्मेसीहरुमा बिरामी चाप उच्च हुन थालेकोले अस्पताल फार्मेसीहरुको टेन्डर (खरिद प्रकिया ) मा समस्या देखिएको छ। सरकारले बिमा मार्फत अस्पताल फार्मेसीमा समयमै पैसा भुक्तान नगरिदिँदा समय समयमा सरकारी अस्पतालहरूले समेत बिमा सुविधा केही समयको लागि बन्द भएको सूचना निकालेको पाइन्छ। यस्ता कुराहरूले बीमितहरुनै मारमा पर्दछन् ।

तसर्थ सरकारले यस स्वास्थ्य बिमा कार्यक्रम थप सहज र देश भरीका सबै नागरिकहरुको पहुँचमा पुऱ्याउन देशका सबै सामुदायिक फार्मेसीमाहरुमा सम्वनय गर्ने हो भने बीमितहरुले झन् सहज रुपमा नै औषधि सुविधा पाउने छन्। अस्पताल फार्मेसीमा नपाइएको औषधि बाहिर फार्मेसीहरुबाट निःशुल्क बिरामीहरूलाई पाए यस बिमा कार्यक्रमले थप सार्थकता पाउने थियो। आफूलाई चाहिएको औषधि डाक्टरको प्रेस्क्रिप्सन देखाएपछि जुनसुकै फार्मेसीबाट पनि निःशुल्क रूपमा बिरामीले पाउने व्यवस्था मिलाउने अनि सरकारले फार्मेसीहरुलाई समयमै पैसा भुक्तानि गरिदिने हो भने बिमितहरुलाई पनि सहजता र सामुदायिक फार्मेसिहरुको पनि भविष्य अन्योलमा पर्ने छैन।

आजकल प्रविधिको समय छ। यस कुरामा पारदर्शिता ल्याउनको लागि हरेक नागरिकहरुको डिजिटल बिमा कार्डको व्यवस्था गर्ने, उसको प्रेस्क्रिप्सनको डिटेल रेकर्ड र कम्युनिटी फर्मासिस्टहरुले सिधा बिमा बोर्डमा अपलोड गर्दिने व्यवस्था मिलाए बीमितको सेवा सुविधा के कति लिएको छ,कति बाँकी छ सजिलै थाहा हुनेछ।आजकलको प्रविधिको जमानामा यो कुरा सजिलै सम्भव पनि छ। यस्तो व्यवस्था सरकारले नीति ल्याएमा बीमित तथा बिरामीहरुलाई पनि सहजता अनि सामुदायिक फार्मेसीहरुको पनी भविष्य सुनिश्चत हुने थियो ।

# प्रदेशको समानुपातिक मतगणनाजारी



काठमाण्डु। आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत प्रदेशसभाको समानुपातिकतर्फको मतगणना चलिरहेको छ। पछिल्लो मतगणनाअनुसार प्रदेश नं १ मा नेकपा (एमाले)ले प्रदेशसभातर्फ २४ हजार ८२, नेपाली कांग्रेसले १९ हजार ६ सय ३८, नेकपा (माओवादी केन्द्र)ले आठ हजार चार सय ५५, राष्ट्रिय प्रजातन्त्र पार्टीले छ हजार सात सय ४७, जनता समाज पार्टीले चार हजार १७ र अन्यले आठ हजार नौ सय तीन मत प्राप्त गरेका छन्।

यसैगरी मधेश प्रदेशमा कांग्रेसले प्रदेशसभातर्फ तीन हजार नौ सय ५०, एमालेले तीन हजार नौ सय २४, जनमत पार्टीले तीन हजार पाँच सय ७४, माओवादी केन्द्रले एक हजार नौ सय ४४, जसपाले एक हजार नौ सय २५ र अन्यले पाँच हजार चार सय ९३ मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ।

बागमती प्रदेशमा कांग्रेसले प्रदेशसभातर्फ ११ हजार ६ सय ४१, माओवादी केन्द्रले १० हजार सात सय ८६, राप्रपाले सात हजार एक सय ५०, माओवादी केन्द्रले पाँच हजार एक सय ६७, नेपाल मजदुर किसान पार्टीले चार हजार एक सय ९६ र अन्यले तीन हजार चार सय ८३ मत प्राप्त गरेका छन्।

गण्डकी प्रदेशमा एमालेले प्रदेशसभातर्फ १९ हजार सात सय ८९, कांग्रेसले १४ हजार एक सय ४९, माओवादी केन्द्र चार हजार तीन सय ५७, राप्रपा तीन हजार आठ सय २०, हाम्रो नेपाली पार्टी एक हजार सात सय १८ र अन्यले तीन हजार ६ सय ९६ मत प्राप्त गरेका छन्।

लुम्बिनी प्रदेशमा एमालेले प्रदेशसभातर्फ २५ हजार एक सय २९, कांग्रेसले १७ हजार चार सय ७४, माओवादी केन्द्रले नौ हजार दुई सय ४३, राप्रपाले पाँच हजार सात सय १३, नागरिक उन्मुक्ति पार्टीले तीन हजार चार सय ७४ र अन्यले आाठ हजार नौ सय ४५ मत प्राप्त गरेका छन्।

यसैगरी कर्णाली प्रदेशमा प्रदेशसभातर्फ माओवादी केन्द्रले तीन सय ४३, एमालेले एक सय ७९, राप्रपाले ७०, हाम्रो नेपाली पार्टीले ६ मत प्राप्त गरेका छन्। सुदूरपश्चिम प्रदेशमा प्रदेशसभातर्फ समानुपातिकको मतपरिणाम बारेको एकीकृत विवरण हालसम्म प्राप्त हुन नसकेको आयोगले जनाएको छ।रासस

# कांग्रेस संसदीय दलको नेता हुँदै प्रधानमन्त्री बन्ने नाराले गगनलाई जितायो तेस्रोपटक प्रत्यक्षतर्फको सांसद

काठमाण्डु। नेपाली कांग्रेस संसदीय दलको नेता बनेर प्रधानमन्त्री बन्ने नाराका साथ काठमाडौँ क्षेत्र नं ४ मा मत माग्नुभएका गगनकुमार थापा तेस्रोपटक प्रत्यक्ष सांसद निर्वाचित हुनुभएको छ। निकटतम् प्रतिद्वन्द्वी डा राजन भट्टराईभन्दा सात हजार चार सय ४७ मतान्तरले विजयी उहाँले २१ हजार तीन सय दुई मत ल्याउँदा भट्टराईले १३ हजार आठ सय ५५ मत पाउनुभएको थियो। विसं २०३३ साउन ४ गते काठमाडौँमा जन्मनुभएका महेन्द्रकुमार थापा र राजेश्वरी थापाको छोरा थापाले स्नातकोत्तरसम्म अध्ययन गर्नुभएको छ।



विसं २०४६ को जनआन्दोलनका बेलामा अध्ययनकै उक्त आन्दोलनमा सहभागी हुनुभएका उहाँ नेपाली कांग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घमा आवद्ध हुनुहुन्थ्यो। उच्च शिक्षा अध्ययनका क्रममा २०५१ सालमा थापा त्रिचन्द्र क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको सदस्यमा निर्वाचित हुनुभएकामा विसं २०५३ को स्ववियु निर्वाचनमा सोही क्याम्पसको सचिवमा निर्वाचित हुनुभएको थियो।

विद्यार्थी सङ्घले सचिवका लागि टिकट नदिएपछि उहाँ विद्रोही समूहबाट सचिव निर्वाचित हुनुभएको हो। विसं २०५५ को स्ववियु निर्वाचनमा थापा त्रिचन्द्र क्याम्सको सभापति निर्वाचित हुनाका साथै सोही बखत त्रिभुवन विश्वविद्यालयबाट सिनेट सदस्यमा मनोनित हुनुभयो। विसं २०५७ मा चितवनमा सम्पन्न नेपाल विद्यार्थी सङ्घको नवौँ महाधिवेशनबाट उहाँ उपाध्यक्ष निर्वाचित हुनुभएको थियो। २०५९ सालमा वीरगञ्जमा सम्पन्न नेपाल विद्यार्थी सङ्घको १०औँ महाधिवेशनबाट थापा महामन्त्री मनोनित हुनुभयो। नेविसङ्घको महामन्त्री भएका बेला राजसंस्थाको सान्दर्भिकताका विषयमा बहस गरेर उहाँ चर्चामा आउनुभयो।

राजसंस्थाको सान्दर्भिकताका बारेमा बहस गरेरपछि २०६२ सालमा नेविसङ्घका तत्कालीन अध्यक्ष गुरुराज घिमिरे र थापालाई राजद्रोहको मुद्दा लगाइएको थियो। घिमिरे र थापासहित अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का नेता पुरुषोत्तम आचार्यलाई राजद्रोहको मुद्दा लगाएपछि राजधानीलगायत मुख्य सहरमा विद्यार्थी आन्दोलन चर्किएको थियो। त्यसबेलाको विद्यार्थी आन्दोलनमा राजतन्त्रविरुद्ध नै नारा लागेको थियो। आन्दोलन चर्किएपछि तत्कालीन सरकार तीनै जना विद्यार्थी नेतालाई छोड्न बाध्य भएको थियो।

सोही विद्यार्थी आन्दोलनले थापालाई चर्चित विद्यार्थी नेताका रूपमा स्थापित गरेको हो। विसं २०६४ चैत २८ गते सम्पन्न पहिलो संविधानसभा निर्वाचनताका चर्चित वक्ताका रूपमा उहाँले धेरै ठाउँमा सम्बोधन गर्नुभयो। पहिलो संविधानसभा सदस्यका लागि भएको निर्वाचनमा समानुपातिक सूचीमा रहनुभएका थापा परिणाम प्राप्त भएपछि संविधानसभा सदस्य बन्नुभयो। विसं २०६८ मा उहाँ कांग्रेस केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएकामा महमान्त्रीमा भने पराजित हुनुभएको थियो।

महामन्त्रीमा हारेपनि थापा केन्द्रीय सदस्य पदमा मनोनित हुनुभयो। विसं २०७० मा भएको दोस्रो संविधानसभा सदस्य निर्वाचनमा काठमाडौँ-४ बाट उहाँ पहिलो पटक प्रत्यक्ष सांसद निर्वाचित हुनुभएको थियो।

सोही कार्यकालमा २०७१ सालमा थापाले संसद्को कृषि तथा जलस्रोत समितिको सभापति भएर काम गर्नुभयो भने विसं २०७३ मा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री बनेर गरेको कामका कारण पनि चर्चित हुनुभएको थियो। स्वास्थ्य मन्त्री हुँदा उहाँले सरकारी अस्पतालमा फार्मेसीको स्थापना गराउनुका साथै सफाइमा पनि विशेष अभियान चलाउनुभएको थियो।

स्वास्थ्य बीमाको कार्यक्रम पनि थापाको कार्यकालमा आएको थियो। विसं २०७४ मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पनि उहाँ काठमाडौँ-४ बाट दोस्रोपटक प्रत्यक्ष निर्वाचित सांसद बन्नुभएको थियो। दोस्रो कार्यकालमा थापाले संसद्को शिक्षा तथा स्वास्थ्य समिति सदस्य भएर काम गर्नाका साथै विसं २०७८ मा सम्पन्न कांग्रेस महाधिवेशनबाट भारी मतान्तरले महामन्त्री पदमा निर्वाचित हुनुभएको थियो। कांग्रेस महामन्त्री पदमा थापा र विश्वप्रकाश शर्माको विजयले पार्टीभित्र मात्र नभइ अन्य पार्टी र स्वतन्त्र युवा समूहमा पनि उत्साह जागृत भएको थियो। थापालाई अर्का महामन्त्री शर्माले पनि भावी प्रधानमन्त्री भनी सार्वजनिक घोषणा गर्नुभएको थियो।

फरक-फरक भूगोलमा पुगेर युवासँग अन्तर्क्रिया गर्न रुचाउननुहुने थापा सबैका अनुभव सुन्न लालायित बन्नुहुन्छ। विसं २०५९ असोजमा जननिर्वाचित सरकारलाई हटाएपछि भएका विभिन्न आन्दोलनका क्रममा दुई पटक राजद्रोहको मुद्दा खेप्नुभएका उहाँले राज्यबाट संविधानसभा पदक प्राप्त गर्नुभएको थियो।

**कांग्रेस संसदीय दल निर्वाचनमा लाग्छु– थापा**


काठमाण्डु क्षेत्र नं ४ प्रतिनिधिसभा सदस्यतर्फ निर्वाचित हुनुभएका नेपाली कांग्रेसका महामन्त्री गगन थापाले आफू संसदीय दलको निर्वाचनमा जुट्ने बताउनुभएको छ। निर्वाचनमा मतगणनाको अन्तिम परिणामपछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले यो निर्वाचनबाट मतदाताले तेतृत्वप्रति आक्रोश देखाएको मात्र नभइ नयाँ नेतृत्वको अपेक्षासमेत गरेको बताउनुभयो। "मतदाताले स्थिर सरकार मात्र खोजेको होइन, नेपाल हाक्ने नयाँ चालक पनि चाहेको छ।

त्यो चालक नेपाली कांग्रेसले दिनसक्छ। कांग्रेसले नै अन्य पार्टीलाई एकताबद्ध बनाएर नयाँ नेतृत्व लिन तयार छ" महामन्त्री थापाले भन्नुभयो, "आम जनतालाई पनि विस्वस्त तुल्याउन चाहन्छु, निर्वाचन अभियान सकिएपछि अब म आजैदेखि कांग्रेस संसदीय दलको चुनावका लागि तयारीमा जुट्छु।"अहिले गठबन्धन गरिरहेको नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) ले चुनावपछि पनि सहकार्य जारी राख्नेमा आफू आशावादी रहेपनि चुनावी अन्तिम नतिजाले त्यसको निर्क्योल गर्ने थापाको प्रतिक्रिया थियो।

त्यसैगरी नागरिकका अपेक्षा पूरा गर्न नसक्दा अहिले मतदाताले आक्रोश पोखिरहेको पनि उहाँको भनाइ थियो। "हामीले गरेको वाचा पूरा हुन सकेका छैनन्।

हामी पाँच वर्षका लागि निर्वाचित भए पनि व्यवहारिक हिसाबले पाउने समय भनेको पाँच महिना मात्रै हो," थापाले भन्नुभयो, "म मतदाताको ऋणी छु। जुन विश्वासका साथ मलाई मतदान गराउनुभएको छ, त्यसमा ठेस लाग्ने र आघात पुग्ने काम गर्नेछैन। दिनरातको मेहनतबाट आजभन्दा भोलि राम्रो हुने अवस्था बनाउनुपर्ने छ।"रासस

# प्रधानमन्त्री देउवाको अग्रता निरन्तर



डडेल्धुरा। पछिल्लो मत परिणामअनुसार डडेल्धुरामा प्रतिनिधिसभामाप्रधानमन्त्रीशेरबहादुर देउवा अग्रस्थानमा हुनुहुन्छ। सुरुआती चरणमावाट नै अगाडि देखिएका प्रधानमन्त्री देउवा १९ हजार पाँच सय ९६ मत गणना हुँदा नौ हजार सात सय ७३ मत ल्याएर अग्रस्थानमा हुनुहुन्छ। उहाँलाई स्वतन्त्र उम्मेदवार सागर ढकालले पाँच हजार एक सय ९३ मत ल्याएर पछ्याइरहनु भएको छ।

प्रधानमन्त्री देउवा र स्वतन्त्र उम्मेदवार सागरबीच चार हजार पाँच सय ८० मतको फरक रहेको छ। यस्तै नेपाली कांग्रेस विपीका उम्मेदवार कर्णबहादुर मल्ललाई दुई हजार ६ सय ९४ मत प्राप्त भएको छ।रासस

## राप्रपाले प्रदेशसभाबाट खाता खोल्यो

काठमाण्डु। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले प्रदेशसभाबाट विजयको सुरुआती खाता खोलेको छ। काठमाडौँ क्षेत्र नं २ (१) मा राप्रपाका सुनिल केसी पाँच हजार पाँच सय ९८ मत ल्याएर विजयी हुनुभएको निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत यज्ञराज रेग्मीले जानकारी दिनुभयो। उहाँका प्रतिस्पर्धी सानुकुमार श्रेष्ठले पाँच हजार ७९ मत प्राप्त गर्नुभएको छ। केसीले एक हजार पाँच सय १५ मत अन्तरले विजयी हुनुभएको हो। प्रदेशसभा '२' को पनि मतगणना भइरहेको छ।

**प्रतिनिधिसभाको गणना जारी**

प्रतिनिधिसभातर्फ काठमाडौँ क्षेत्र नं २ को मतगणना जारी छ। अपराह्न ३ बजेसम्म २५ हजार चार सय ४६ मतगना हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सोविता गौतम सात हजार एक सय ८७ मतका साथ अग्रस्थानमा हुनुहुन्छ। नेकपा (एमाले)का उम्मेदवार मणिराम फुँयालले पाँच हजार चार सय ९० मत ल्याएर दोस्रो स्थानमा हुनुहुन्छ।रासस

# मेरो विजय भनेकै लोकतन्त्रको विजय हो : नेता सिंह

काठमाण्डु। क्षेत्र नं १ बाट विजयी हुनुभएका नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी संविधान कार्यान्वयनका लागि राजनीतिक स्थायित्व र सुशासन नै अहिले मुख्य एजेन्डा भएको बताउनुभएको छ। लोकतान्त्रिक-वाम गठबन्धनका तर्फबाट उम्मेदवार बन्नुभएका उहाँले सात हजार एक सय ४३ मत ल्याई निर्वाचित हुनुभएको छ। उहाँले निकटतम प्रतिद्वन्द्वी राप्रपाका उम्मेदवार रवीन्द्र मिश्रलाई एक सय २५ मतान्तरले पराजित गरी प्रतिनिधिसभा सदस्यमा चौथोपटक विजयी बन्नुभएको छ।



निर्वाचित भएपछि काठमाडौँ निर्वाचन क्षेत्र १ का मतदातालाई हार्दिक धन्यवाद दिँदै उहाँले यस जितले लोकतन्त्रवादीको शिर माथि उठेको बताउनुभयो। लोकतन्त्रमा जनता सर्वोच्च र निर्णायक हुने र उनीहरुको मतले नै राज्य सञ्चालन हुने हुँदा यसलाई सबैले स्वीकार गर्नुपर्ने बताउँदै स्वच्छ प्रतिस्पर्धाले नै लोकतन्त्रलाई बलियो बनाउँछ भन्नुभयो। आफ्नो सम्पूर्ण जीवन नै लोकतन्त्रका लागि गरेको समर्पण र स्च्छ छविकै कारण यस क्षेत्रका जनताले पटकपटक विजयी गराएका उहाँको भनाइ छ।

उहाँले कांग्रेसले जनतालाई जसरी अधिकार दिलाउन तथा संविधान लेख्न र शान्ति प्रक्रियामा नेतृत्व गऱ्यो अब त्यसलाई कार्यान्वयन गरेर आर्थिक क्रान्ति गरी समुन्नति र सम्पन्नता हासिल गर्ने अभियानमा पनि पार्टीले नेतृत्व गर्ने दृढता व्यक्त गर्नुभयो। अहिलेको अर्थतन्त्रको सङ्कट समाधान गर्ने र लगानीमैत्री वातावरण बनाउने नयाँ सरकारको मूल दायित्व रहेको बताउँदै उहाँले त्यसका लागि आफूले पहल गर्ने बताउनुभयो।

उहाँले तीन तहका सरकारले आफ्नो हिसाबले जनतामा सेवा प्रवाह गर्न नसकेका कारण सङ्घीयता लागू भए पनि केन्द्रीकृत एकात्मक व्यवस्था र सङ्घीयताबीचको भिन्नताबारे मतदाताले प्रश्न गरिरहेको उल्लेख गर्नुभयो। पूर्वउपप्रधानमन्त्री सिंहले भन्नुभयो, "सङ्घीयतामा तीन तहको सरकार सक्रिय हुनुपर्नेमा अहिलेसम्म त्यो भएको छैन। त्यो नभएकै कारण मात्र एकात्मक व्यवस्था र सङ्घीयताको फरक के हो भन्नबारे सर्वसाधारणबाट प्रश्न भएको छ, त्यसलाई अधिकारका साथ काम गरेर देखाउन चाहन्छौँ।"

निर्वाचनको मत परिणामको प्रारम्भिक नतिजाले नेपाली कांग्रेस नै सबैभन्दा ठूलो दलको रूपमा स्थापित हुने दाबी गर्दै उहाँले जनतालाई आवश्यकतानुसारको सेवा र सुविधासहित देशलाई समृद्धिको बाटोमा अगाडि बढाउन पार्टी दृढ रहेको उम्मेदवार बताउनुभयो। नेता सिंहले निर्वाचन घरदैलोका क्रममा मतदाताले राखेका विकास निर्माण, जनजीविकाका सवाल र राजनीतिक स्थिरताका लागि आफूले विगतमा जस्तै एक जिम्मेवार जनप्रतिनिधिको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभयो। विगतमा राजनीतिक अस्थिरताका कारण जनअपेक्षा पूरा गर्न नसकिएको भन्दै नेता सिंहले अब आफ्नो सम्पूर्ण ध्यान स्थायित्व कायम गर्दै जनताको जीवनयापन सरल बनाउन सक्रिय हुने बताउनुभयो।

विसं २०४६ को जनआन्दोलनका कमान्डर गणेशमान सिंह र नेपाल महिला सङ्घकी संस्थापक अध्यक्ष मङ्गलादेवी सिंहका छोरा उहाँ सानो उमेरदेखि नै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहनुभएको थियो। २०१२ सालमा जन्मनुभएका उहाँ २०३४ सालमा नेविसङ्घको केन्द्रीय सदस्य बन्नुभयो भने २०३६ सालमा अध्यक्ष बन्नुभयो। २०४७ देखि निरन्तर १० वर्षसम्म नेपाली कांग्रेसको काठमाडौँको सभापति रहनुभयो भने नेपाली कांग्रेसको विभाजनपछि नेपाली कांग्रेस (प्रजातान्त्रिक)को उपसभापति बन्नुभयो। २०६४ मा पार्टी एकीकरणपछि २०६७ मा भएको १२औँ महाधिवेशनबाट उहाँ महामन्त्रीमा निर्वाचित हुनुभयो।

उहाँले २०५३ सालमा राष्ट्रियसभा सदस्य भएर छ वर्षको कार्यकाल पूरा गर्नुभयो। २०६४ सालमा भएको पहिलो संविधानसभा र त्यसपछिका तीनवटै आम निर्वाचनमा उहाँले काठमाडौँ-१ मा क्षेत्रबाट विजय हासिल गर्दै आउनुभएको छ। उहाँ सुशील कोइरालाको मन्त्रिमण्डलमा उपप्रधानमन्त्री, स्थानीय विकास तथा सङ्घीय मामिलामन्त्री हुनुभएको थियो। पार्टी र सरकारमा रहँदा सधैँ इमान्दार र निष्ठा राख्नुहुने उहाँ विकासप्रेमी नेताका रुपमा चिनिनुहुन्छ।रासस

# काठमाण्डु ९ मा एमाले कृष्णगोपाल श्रेष्ठ विजयी

काठमाण्डु। नेकपा (एमाले) का उम्मेदवार कृष्णगोपाल श्रेष्ठले एघार हजार नौ सय ५६ मत प्राप्त गरी काठमाडौँ निर्वाचन क्षेत्र नं ९ बाट प्रतितिनिधिसभा सदस्यमा विजय हुनुभएको छ। उहाँले निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीका टेकबहादुर पोखरेललाई नौ सय ९५ मतले पछि पार्दै विजयी प्राप्त गर्नुभयो।

पोखरेल भने दश हजार नौ सय ६१ मत प्राप्त गर्नुभएको छ। उक्त निर्वाचन क्षेत्रमा ४४ हजार तीन सय ७९ मत खसेको थियो। मत गणनामा सुरुदेखि नै श्रेष्ठले अग्रता लिनुभएको थियो। उक्त क्षेत्रबाट नेकपा (माओवादी केन्द्र) का कल्पना धमलाले भने ६ हजार चार सय दुई मत प्राप्त गर्नुभयो।

उक्त क्षेत्रमा एक हजार आठ सय ६२ मत बदर भएको निर्वाचन अधिकृत पूजा खत्रीले जानकारी दिनुभयो। उक्त क्षेत्रमा १२ राजनीतिक दल र १० स्वतन्त्र उम्मेदवार तथा उम्मेदवारमध्ये १७ पुरुष र पाँच जना महिला हुनुहुन्थ्यो। त्यस क्षेत्रमा मतदाता सङ्ख्या ७२ हजार एक सय ७३ हुनुहुन्थ्यो।



**श्रेष्ठ चौथो पटक प्रतिनिधिसभामा प्रवेश**

नेकपा (एमाले)का नेता कृष्णगोपाल श्रेष्ठ प्रतिनिधिसभा सदस्यका रूपमा चौथो पटक सङ्घीय संसद्मा प्रवेश गर्दै हुनुहुन्छ। मुलुकमा लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा सशक्त भूमिका खेल्नुभएका श्रेष्ठ यस पटक एमालेका तर्फबाट काठमाडौँ निर्वाचन क्षेत्र नं ९ बाट विजयी हुनुभएको हो।

यसअघि उहाँ विसं २०४८ मा काठमाडौँ निर्वाचन क्षेत्र नं ५, विसं २०५१ को मध्यावधिमा काठमाडौँ निर्वाचन क्षेत्र नं ७ तथा विसं २०७४ मा काठमाडौँ क्षेत्र नं ९ बाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो। काठमाडौँ महानगरपालिका १४ बल्खु स्थायी ठेगाना रहेका श्रेष्ठको विसं २०१५ असोज १४ गते पिता हरिलाल श्रेष्ठ र माता हरिमाया श्रेष्ठका कोखबाट जन्म भएको हो।

अर्थशास्त्रमा स्नाकोत्तर तह श्रेष्ठले विसं २०५९ देखि २०६० मा स्थानीय विकास राज्यमन्त्री तथा विसं २०७७ देखि २०७८ सम्म सहरी विकास र शिक्षामन्त्रीको जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्नुभएको थियो। एमाले पार्टी कार्यालयको मुख्यसचिवका रूपमा समेत उहाँले जिम्मेवारी बहन गरिसक्नुभएको छ।

तत्कालीन नेकपा (माले) विद्यार्थी सङ्गठनको क्याम्पस कमिटी अध्यक्षबाट राजनीतिमा प्रवेश गर्नुभएका श्रेष्ठ अनेरास्ववियूको त्रिवि कमिटी अध्यक्ष हुँदै विसं २०४७ मा अखिल नेपाल किसान सङ्घको सचिव हुनुभयो। विसं २०४९ मा राष्ट्रिय परिषद् सदस्य तथा विसं २०४९ देखि २०७५ सम्म पार्टी केन्द्रीय सदस्य रहनुभएका श्रेष्ठ हाल पोलिटब्यूरो सदस्य हुनुहुन्छ। विद्यार्थी जीवनदेखिनै प्रगतिशील राजनीतिमा सक्रिय श्रेष्ठ पुष्पलाल स्मृति प्रतिष्ठान र मदन भण्डारी स्मृति प्रतिष्ठानसँग आबद्ध हुनुहुनछ। उहाँकी धर्मपत्नी बिना पनि राजनीतिमै हुनुहुन्छ।

यसअघि उहाँ राज्यव्यवस्था तथा सुशासन समिति सदस्यका रूपमा हुनुहुन्थ्यो। उहाँले विसं २०३४ देखि २०४७ सम्म पटक-पटक गरी दुई वर्ष भूमिगत र प्रहरी हिरासत जीवन बिताउनु भएको छ।

**मतदाताले दिएको जिम्मेवारीलाई कुशलतापूर्वक पूरा गर्छु : श्रेष्ठ**

नवनिर्वाचित सांसद कृष्णगोपाल श्रेष्ठले मतदाताले दिएको जिम्मेवारीलाई पाँच वर्षसम्म कुशलतापूर्वक सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। काठमाडौँ क्षेत्र नं ९ बाट विजयी भएपछि प्रतिक्रिया दिँदै उहाँले भन्नुभयो, "मतदाताले दिएको जिम्मेवारीलाई ५ वर्षसम्ममा कुशलतापूर्वक पूरा गर्न प्रतिबद्ध छु, जनताको हरेक समस्यालाई सम्बोधन गर्न जुट्नेछु, जनताको सल्लाहमा अघि बढ्नेछु।"

नवनिर्वाचित जनप्रतिनिधि श्रेष्ठले आफ्ना निर्वाचन क्षेत्रका चालु योजना स्वाभाविकरुपले अगाडि बढाउने उल्लेख गर्दै भन्नुभयो, "अधुरा र अपूरा योजनालाई पनि पूरा गर्दै जान्छु, सङ्घ, प्रदेश र स्थानीय सरकारसँग परामर्श गरेर आवश्यकतानुसारको नयाँनयाँ योजना तर्जुमा गरी अगाडि बढछु।" उहाँले निर्वाचनमा सहयोग गर्ने पार्टीका नेता कार्यकर्तालगायत मतदातालाई धन्यवाद व्यक्त गर्नुभयो।रासस



सियानजुरमा ५.६ म्याग्निच्युडको भूकम्प पछि घरको मालवामा किचिएर मृत्यु भएका एक जनाको शव लिएका उद्धारकर्मीहरु । भूकम्पबाट सयौं जनाको ज्यान जानुका साथै घाइते र बेपत्ता भएका थिए । *तस्विर : एपी*

# इन्डोनेसियाको भूकम्पमा मृत्यु हुनेको संख्या २६८ पुग्यो, १५१ अझै बेपत्ता

**सिन्ह्वा**

जाकार्ता । पश्चिमी इन्डोनेसियामा सोमबार गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या २६८ पुगेको छ भने १५१ जना अझै बेपत्ता रहेको स्थानीय अधिकारीले मङ्गलबार बताएका छन् ।

राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सीका प्रमुख सुहर्यान्तोले पत्रकार सम्मेलनमा बताएअनुसार मृत्यु हुनेको सङ्ख्या २६८ पुगेको छ।



सोमबार इन्डोनेसियाको पश्चिम जाभा प्रान्तमा गएको ५.६ म्याग्निच्युडको भूकम्पले पनि १,०८३ जना घाइते भएका र ५८,३६२ जनालाई घरबाट भाग्न बाध्य बनाएको थियो। भूकम्पले २१,००० भन्दा बढी घर र पूर्वाधारमा क्षति पुगेको बताइएको छ। भूकम्पपीडितको खोजी तथा उद्धार कार्य अझै जारी रहेको सुहर्यान्तोले बताएका छन् ।

यसअघि मङ्गलबार इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले अधिकारीहरूलाई उद्धारकार्यलाई तीव्रता दिन र प्राथमिकता दिन र पीडितको उद्धार गर्न आग्रह गरेका थिए।

भूकम्पबाट क्षति भएका घरलाई सरकारले करिब एक करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्मको क्षतिपूर्ति दिने घोषणा गरेको छ । राष्ट्रपतिले भूकम्प प्रभावित क्षेत्रको भ्रमणका क्रममा सो गोषणा गरेका हुन् । विडोडोले निर्माण गर्नुपर्ने नयाँ घर भूकम्प प्रतिरोधी हुनुपर्नेमा जोड दिएका छन् ।

सोमबार जकार्ता समय १३:२१ मा गएको भूकम्पको केन्द्रबिन्दु पश्चिमी जाभा प्रान्तको सिआनजुर जिल्लाको १० किलोमिटर दक्षिणपश्चिममा र १० किलोमिटर गहिराइमा रहेको मौसम विज्ञान, मौसम विज्ञान र भूभौतिक निकायले जनाएको छ।

# सडक दुर्घटनामा आठ जनाको मृत्यु

**सिन्ह्वा**

जाकार्ता । इन्डोनेसियाको मध्य प्रान्त जाभामा सोमबार साँझ भएको एक सवारी साधन दुर्घटनामा कम्तीमा आठ जनाको मृत्यु भएको छ । यस दुर्घटनामा घाइते अन्य २० जनालाई अस्पताल भर्ना गरिएको छ ।

स्थानीय समयानुसार साँझ करिब २०:३० बजे वोनोगिरी क्षेत्रको बुमिहारजो गाउँमा यात्रु बोकेको मिनीबस पहाडमा चढ्ने क्रममा बिजुली गुमाउँदा दुर्घटना भएको हो ।

बिजुली गुमाएपछि मिनीबस स्थानीयको पोखरीमा खसेका प्रान्तीय प्रहरी प्रवक्ता इकबाल अल्कुदुस्सीले मङ्गलबार सञ्चारमाध्यमलाई जानकारी दिनुभएको छ । घाइते सबैलाई थप पहिचानका लागि नजिकैको अस्पतालमा पठाइएको छ ।

इन्डोनेसियामा प्रायः क्षमता भन्दा बढी यात्रु सवार, खराब सडक अवस्था र चालकले सवारी साधन लापरवाह तरिकाले चलाउने कारण प्रायः घातक सडक दुर्घटनाहरु हुने गरेको पाइन्छ ।

# म्यानमारमा छ लाख ३३ हजार ४५ कोरोना संक्रमित

**सिन्ह्वा**

याङ्गुन । म्यानमारमा पछिल्लो २४ घण्टामा कोभिड-१९ का ४० नयाँ घटना पुष्टि भएसँगै सङ्क्रमितको संख्या ६ लाख ३३ हजार ४५ पुगेको स्वास्थ्य मन्त्रालयले सोमबार जनाएको छ । विगत २४ घण्टामा ८ हजार दुई सय ७ जनामा कोरोना परीक्षण भएको र दैनिक पोजेटिभ दर ०.४९ प्रतिशत भएको मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ । पछिल्लो २४ घण्टामा कुनै पनि नयाँ मृत्यु नदेखिएकाले सोमबार देशमा कोभिड-१९ बाट मृत्यु हुनेको सङ्ख्या १९ हजार चार सय ८७ मा रहेको मन्त्रालयले जनाएको छ ।

सोमबार २८ नयाँ निको भएकासहित देशमा कोभिड-१९ बाट निको भएका बिरामीको कुल संख्या ६ लाख ७ हजार चार सय १२ पुगेको छ। दक्षिणपूर्वी एसियाली देशले सन् २०२० मार्चमा पहिलो पटक कोरोना सङ्क्रमित भेटिएका थिए ।

# सोलोमन टापुमा ७.३ म्याग्निच्युडको भूकम्प

**एएनआई**

सोलोमन टापु । सोलोमन टापुको मालाङ्गोको दक्षिण-पश्चिममा मङ्गलबार ७.३ म्याग्निच्युडको भूकम्प गएको संयुक्त राज्य अमेरिकाको भौगर्भिक सर्वेक्षण संस्था (युएसजीएस) ले जनाएको छ ।नोभेम्बर २२ मा १५.० किलोमिटर गहिराइमा भूकम्प गएको थियो । भूकम्पको केन्द्रविन्दु ९.७९० डिग्री दक्षिण देशान्तर र १५९.६०१ डिग्री पूर्वी देशान्तर रहेको थियो । यद्यपी हालसम्म कुनै हताहतको खबर आएको छैन ।

इन्डोनेसियाको मुख्य टापु जाभामा ५.६ म्याग्निच्युडको भूकम्प गएको एक दिनपछि भूकम्प आएको हो । पश्चिमी जाभाका गभर्नर रिडवान कामिलले इन्डोनेसियाको जाभामा गएको भूकम्पमा परी १६० जनाभन्दा बढीको मृत्यु भएको सीएनएनले जनाएको छ ।

उद्धारकर्ताहरूले भग्नावशेषमा फसेका बाँचेको खोजी गरिरहेका थिए। मृत्यु हुनेमा अधिकांश बालबालिका रहेको कामिलले बताउनु भएको छ । मृत्यु हुनेको संख्या अझै बढ्न सक्ने कामिलले बताए ।

नोभेम्बर २१ मा स्थानीय समयानुसार दिउँसो १:२१ बजे पश्चिम जाभाको सियानजुर क्षेत्रमा ५.६ म्याग्निच्युडको भूकम्प गएको सीएनएनले जनाएको थियो । भूकम्प १० किलोमिटर गहिराइमा गएको युएसजीएस ले जनाएको छ ।

# क्यान्सरको औषधिमा कर कटौती

**सिन्ह्वा**

बेइजिङ । चीन सरकारले क्यान्सरको औषधिमा कर कटौती गरेको जनाएको छ । क्यान्सर निको पार्नका लागि प्रयोग गरिने औषधि आयातमा कम्तीमा पनि तीन प्रतिशत अतिरिक्त करको कटौती गरिने योजना चीन सरकारले अघि सारेको यहाँको स्वास्थ्य विभागले जनाएको छ ।





क्यान्सर रोग निको पार्नका लागि प्रयोग गरिने औषधि विदेशबाट आयात गर्दा तथा स्वदेशी औषधि कम्पनीले देशभित्रै उत्पादन गर्दा पनि कम्तीमा पनि तीन प्रतिशत कर कटौतीको योजना ल्याइएको स्वास्थ्य अधिकारीले जनाएका छन् ।

यहाँको स्वास्थ्य विभाग तथा अर्थ मन्त्रालयले प्रकाशन गरेको एक संयुक्त विज्ञप्तिमा सो कुरा जनाइएको छ । सो विज्ञप्तिमा आगामी डिसेम्बर १ तारिखदेखि यो कर कटौतीसम्बन्धी नीति कार्यान्वयनमा आउने जानकारी पनि गराइएको छ ।

यो नीति क्यान्सर रोग निको पार्न प्रयोग हुने ७१ थरि औषधिमा लागू हुने चिनियाँ स्वास्थ्य अधिकारीले जनाएका छन् । यी औषधिमा सन् २०१८ मा पनि सरकारले कर कटौती गरेको थियो ।

त्यसयता यस्ता औषधिमा कर कटौती गरिएको यो तेस्रो पटक भएको पनि समाचारमा जनाइएको छ । चीनमा पछिल्लो समयमा क्यान्सरका बिरामीको सङ्ख्या बढ्दै गएपछि उनीहरुलाई लक्षित गरेर यो नीति अख्तियार गरिएको हो ।

# ग्यास ट्याङ्की विस्फोट हुँदा ५ जनाको मृत्यु, ४० जना घाइते

**एएफपी**

दोहुक । उत्तरी इराकमा रहेको छात्रावासमा ग्यास ट्याङ्की विस्फोट भई आगलागी हुँदा पाँच जनाको मृत्यु हुनाका साथै ४० जना घाइते भएका छन् ।

सोमबार राति कुर्दिश सहर डोहुकमा रहेको विद्यार्थी आवासगृह र बेकरीमा रहेको भवनको छतमा रहेको ग्यास ट्याङ्की चुहिएर विस्फोट भएको हो।

दोहुकका गभर्नर अली तातारले एएफपीलाई ग्यास चुहिएको जानकारी पछि प्रहरी उद्धारका निम्ति पुगे पनि विस्फोट रोक्न नसकिएको भन्दै उक्त घटना दुर्भाग्यपूर्ण भएको बताएका छन् ।

एक विद्यार्थी, एक बेकरी कामदार र आपत्कालीन सेवा दिन पुगेका तीन प्रहरीको मृत्यु भएको एकाइका उपनिर्देशकसहित, टाटरले बताएका छन्।

इराकी कुर्दिस्तानमा एक साताभन्दा कम अवधिमा लिक्विफाइड पेट्रोलियम ग्यास ट्याङ्कीको यो दोस्रो विस्फोट थियो ।

गत बिहीबार सुलेमानियामा एलपीजी ट्याङ्की दुर्घटना हुँदा १५ जनाको मृत्यु भएको थियो ।

सोमबारको मृत्युपछि, अर्ध-स्वायत्त कुर्द क्षेत्रका अधिकारीहरूले घरेलु प्रयोगका लागि एलपीजी ट्याङ्कीहरूमा प्रतिबन्धको घोषणा गरेका छन् ।

दोहुक विस्फोट इराकको जीर्ण पूर्वाधार र कमजोर सुरक्षा मापदण्डलाई उजागर गर्ने पछिल्लो त्रासदीपूर्ण घटनाको रूपमा हेरिएको छ ।

गत नोभेम्बर १५ र १७ मा बगदाद अन्तरराष्ट्रिय विमानस्थलमा दुईवटा आगलागी भएको थियो । त्यस्तै गत अक्टोबरको अन्त्यमा ग्यास ट्याङ्कर विस्फोट हुँदा कम्तीमा नौ जनाको मृत्यु भएको थियो ।

# राष्ट्रपति सीद्वारा दुःख व्यक्त

**सिन्ह्वा**

वेइजिङ । चिनियाँ राष्ट्राध्यक्ष सी चिन फिङले मङ्गलबार इन्डोनेसियामा गएको विनाशकारी भूकम्पप्रति इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोलाई शोक सन्देश पठाउनुभएको छ।

सन्देशमा सीले भूकम्पले ठूलो मानवीय र सम्पत्तिको क्षति भएको सुन्दा आफू दुःखी भएको बताए।

उनले चीन सरकार र चिनियाँ जनताको तर्फबाट मृतकप्रति समवेदना प्रकट गर्दै शोकसन्तप्त परिवार र घाइतेप्रति गहिरो समवेदना प्रकट गरेका छन्।

विडोडो र इन्डोनेसियाली सरकारको नेतृत्वमा प्रभावित क्षेत्रका जनताले विपद्लाई जितेर आफ्नो घर पुनर्निर्माण गर्नेमा आफू विश्वस्त रहेको पनि सीले बताए।

# नेदरल्यान्ड्सले सेनेगललाई हरायो

काठमाण्डु । कतारमा जारी फिफा विश्वकप फुटबल प्रतियोगितामा नेदरल्यान्ड्सले सेनेगललाई पराजित गरेको छ ।

कतारको दोहास्थित अल थुमामा स्टेडियममा आज राति सम्पन्न खेलमा नेदरल्याण्डसले सेनेगललाई २-० गोल अन्तरले पराजित गरेको हो । नेदरल्यान्ड्सको जितमा कोडी गाक्पो र डाभी क्लासेनले एक/एक गोल गरे ।

नेदरल्यान्ड्सले दुबै गोल खेलको दोस्रो हाफमा गर्‍यो । खेलको ८४औं मिनेटमा गाक्पोले फ्रान्की डी जोङको पासमा हेडमार्फत् उत्कृष्ट गोल गर्दै नेदरल्यान्ड्सलाई अग्रता दिलाएका थिए । खेलको दोस्रो हाफको अतिरिक्त समयमा क्लासेनले गोल गर्दै नेदरल्यान्ड्सको जित सुनिश्चित गरेका थिए ।

जितसँगै नेदरल्यान्ड्सले ३ अंक जोडेको छ ।रासस

# अर्जेन्टिना फिफा विश्वकप २०२२ को पहिलो खेलमै पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । दुई पटकको फिफा विश्वकप च्याम्पियन अर्जेन्टिनाले फिफा विश्वकप २०२२ मा खराब सुरूवात गरेको छ।



मंगलबार भएको समूह 'सी' को खेलमा अर्जेन्टिनालाई एसियन टिम साउदी अरेबियाले २-१ गोलले हरायो। साउदीले खेलमा पछि परेको स्थिति उल्टाउँदै उत्कृष्ट जित निकालेको हो।

खेलको दशौं मिनेटमा अर्जेन्टिनाले अग्रता लिएको थियो। कप्तान लिओनल मेसीले प्राप्त पेनाल्टीमा सहज गोल गरेका थिए। मेसीले चार विश्वकपमा गोल गर्ने अर्जेन्टाइन खेलाडीको रेकर्ड बनाएको खेलमा उनको टिम पहिलो हाफमा १-० गोलले अघि थियो।

पहिलो हाफमा अर्जेन्टिनाले तीन पटक बललाई जाली चुमाए पनि रेफ्रीले अफसाइड घोषित गरेका थिए। साउदी अरेबियाले दोस्रो हाफको पाँच मिनेटको अन्तरमा दुई गोल गर्‍यो।

खेलको ४८ मिनेटमा सलेह अलशेरीले बराबरी गोल फर्काए। ५३ मिनेटमा सलेम अलडावसरीले डिबक्स बाहिरबाट सेकेन्ड बार च्याप्दै उत्कृष्ट गोल गर्दै साउदीलाई २-१ ले अघि बढाएका थिए।

फिफा वरीयतामा ५१औं स्थानमा रहेको साउदीले तेस्रो वरीयताको अर्जेन्टिनालाई हराउने क्रममा दोस्रो हाफमा उत्कृष्ट खेलेको थियो।


पहिलो खेलमै पराजित भएपछि सन् १९८६ पछि पहिलो विश्वकपको उपाधिको खोजीमा रहेको अर्जेन्टिना दबाबमा परेको छ।

साउदीले अर्जेन्टिनालाई हराएसँगै विश्वकप इतिहासमा एक चर्चित जित निकाल्न सफल भएको छ।

# बेलले पेनाल्टीमा गोल गरेपछि अमेरिकाविरूद्ध हार टार्‍यो वेल्सले

**टुडे समाचारदाता**

काठमाण्डु । फिफा विश्वकप २०२२ अन्तर्गत समूह 'बी' को खेलमा अमेरिका र वेल्सले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्।



मंगलबार विहान सकिएको खेलमा अमेरिकाले पहिले अग्रता लिएको थियो। अमेरिकाका लागि टिम वेहले पहिलो गोल गरे। उनले खेलको ३६ मिनेटमा पुलिसिकले उपलब्ध गराएको पासमा गोल गरेका थिए।

वेल्सका लागि ८२ मिनेटमा गारेथ बेलले पेनाल्टीमार्फत बराबरी गोल फर्काए। डिबक्समा बेलमाथि अमेरिकाका टिम रिएमले फल गरेपछि वेल्सले पेनाल्टी पाएका थियो।

यो समूहको अर्को खेलमा सोमबार राति इंग्ल्यान्डले इरानमाथि ६-२ को जित निकालेको थियो।

# मेसी बने चार संस्करणको विश्वकपमा गोल गर्ने पहिलो अर्जेन्टाइन खेलाडी

**टुडे समाचारदाता**

काठमाण्डु । लिओनल मेसीले फिफा विश्वकपको चार संस्करणमा गोल गर्ने इतिहास बनाएका छन्।



मंगलबार फिफा विश्वकप २०२२ अन्तर्गत साउदी अरेबियाविरुद्ध गोल गरेसँगै मेसीले चार विश्वकपमा गोल गर्ने पहिलो अर्जेन्टाइन खेलाडीको रेकर्ड बनाएका छन्।

उनले मंगलबार दशौं मिनेटमा पेनाल्टीमार्फत गोल गरेका थिए।

यसअघि मेसीले २००६ को विश्वकपमा एक गोल, २०१४ को विश्वकपमा चार गोल र २०१८ को विश्वकपमा एक गोल गरेका थिए। सन् २०१० मा भने मेसीले गोल गर्न सकेका थिएनन्।

मेसीले चार विश्वकपमा गोल गर्दै विश्वकपमा गोल संख्या सात पुर्‍याएका छन्।

# चीनमा आगलागीमा परी ३६ को मृत्यु

**सिन्ह्वा**

चेनजाउ । चीनको एक व्यापारिक फार्ममा भएको आगलागीमा परेर कम्तीमा पनि ३६ जनाको ज्यान गएको बताइएको छ ।मध्य चीनको हेनान प्रान्तमा रहेको एन्यान सहरमा अवस्थित एक व्यापारिक फार्ममा आगलागी भएको बताइएको छ । यससम्बन्धी पूर्ण विवरण आएको छैन ।

आगलागीबाट कम्तीमा पनि ३६ जनाको ज्यान गएको बताइएको छ भने अरु दुई जना घाइते भएका छन् । आगलागीमा परेर दुई जना बेपत्ता रहेका छन् । उनीहरु आगो लागेको भवनको भग्नावशेषमा परेका अनुमान गरिएको छ ।

सोमबार राति ११ बजेतिर त्यहाँ आगलागी भएको प्रहरीले जनाएको छ । यहाँ ठूलो संख्याका प्रहरी तथा उद्धारकर्मीहरुले उद्धारको काम गरिरहेका पनि बताइएको छ ।

यस फार्ममा के कति कारणले आगलागी भएको हो भन्ने बारेमा भने केही बताइएको छैन । प्रहरीले सो फार्ममा रहेका दुई जना शंकास्पद व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ ।



बागलुङ नगरपालिका-१, रामरेखाका बिमलेश आचार्यले गर्नुभएको व्यावसायिक ड्रागन फ्रुट खेती। उहाँले सात रोपनी क्षेत्रफलमा गर्नुभएको ड्रागन फ्रुट खेती हुर्कदो क्रममा छ। *तस्बिरः रासस*

# लक्ष्मी इन्टरकन्टिनेन्टल र ग्लोबल आईएमई बैंक बीच विद्युतीय सवारी साधनमा वित्तिय विस्तारको समझदारी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालका लागि हुन्डाई गाडीको एकमात्र आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले ग्लोबल आइएमई बैंक लिमिटेडसँग आफ्नो इलेक्ट्रिक भेहिकल (भ्ख) का लागि वित्तिय सम्झौतापत्रमा हस्ताक्षर गरेको छ ग्लोबल आइएमई बैंक लिमिटेडका साना तथा मझौला ऋण विभागका प्रमुख रुपेन्द्र वाग्ले र लक्ष्मी इन्टरकन्टिनेन्टलका महाप्रबन्धक इन्द्रप्रसाद सापकोटाले समझदारीपत्रमा हस्ताक्षर गरेका छन्।





उक्त सम्झौता पछि ग्राहकहरूले आफ्ना हुन्डाई ईभीहरू ग्लोबल आइएमई बैंकमार्फत १२.९९% ब्याजदरमा फाइनान्स गर्न सक्नेछन्। यो योजना अन्तर्गत खरिद गरिएका सवारी साधन ३ दिन भित्रमा उपलब्ध गराइनेछ। ग्लोबल आइएमई बैंक लिमिटेड, बैंक अफ काठमाण्डू लिमिटेडसँगको मर्जर पूरा गरेपछि चुक्ता पुँजीको हिसाबले नेपालको सबैभन्दा ठूलो बैंक हुनेछ। यसरी दुई पक्षबीच भएको सम्झौताले हुन्डाईका विद्युतीय सवारी साधन खरिद गर्न चाहने ग्राहकका लागि सहजता प्रदान गर्ने विश्वास लिईएको छ।

ग्राहकहरूले ग्लोबल आइएमईको कुनैपनि शाखा वा हुन्डाईका देशभर रहेका १७ वटा शोरुममा गएर सम्बन्धित विभागमा सम्पर्क गरी प्रक्रिया अगाडि बढाउन सक्नेछन्। हुन्डाईको प्ज्ल्ब र क्षइल्क्त छ नेपालमा सबैभन्दा बढी बिक्री हुने विद्युतीय सवारीमा पर्छन्। यो सम्झौतासँगै ग्राहकहरूले दुवै विकल्पहरू सजिलै खरिद गर्न सक्नेछन्।

हुन्डाई मोटर कम्पनीले दिगो विकासको लागि गरेको प्रतिबद्धतासँग हुन्डाई नेपालले ऐक्यबद्धता जनाउँदै आफ्नो 'Be (ख) the change' अन्तर्गत विभिन्न सामाजिक-आर्थिक योजनाहरू अगाडि बढाएको छ। ग्लोबल आईएमई बैंक संग भएको यो समझदारीले पनि देशैभरीका विद्युतीय सवारी प्रेमीहरूलाई सवारी साधन खरिद गर्न प्रोत्साहन गर्दै दिगो भविष्यको लक्ष्यमा अगाडि बढ्न सघाउने आशा गरिएको छ।

# एलजीको टेलिभिजन प्रडक्ट रेन्जमा आकर्षक क्यास ब्याक अफरको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको नम्बर १ टिभी ब्रान्ड एलजीले आफ्ना टेलिभिजन उत्पादनहरुमा आकर्षक क्यास ब्याक अफरको घोषणा गरेको छ । खेलकुदको मौसममा नेपाली दर्शकले चाहेको गुणस्तरीय टेलिभिजनको आवश्यकतालाई केन्द्रित गर्दै कम्पनीले एलजी टिभी हरेक खेलप्रेमीका लागि उपयुक्त विकल्प हुने विश्वास लिएको छ।

यो क्यास ब्याक क्याम्पेन, स्टेडियम कम्स होम, एलजीको टिभीहरुका लागि मात्र हो । यसमा ओलेड, नानोसेल, युएचडी र स्मार्ट टिभीहरुका विभिन्न आकर्षक मोडलहरु समावेश छन्। ग्राहकहरुले यी टिभीहरु देशभरका कुनै पनि एलजी शोरुम र एलजीको अधिकृत विक्रेताहरुकोमा गएर खरिद गर्न सक्नुहुनेछ।

"एलजी नेपालले आफ्ना ग्राहकहरुलाई सधैं विश्वस्तरीय प्रविधिको अनुभव प्रदान गर्ने प्रयास गर्दै आएको छ। यो अफर क्याम्पेन त्यही निरन्तर प्रक्रियाको एक हिस्सा हो जहाँ हामी हाम्रा ग्राहकहरुले यस मेगा स्पोर्टिङ इभेन्टको हरेक पलको आनन्द लिनुहोस् भन्ने चाहन्छौं," श्री मुकेश बैठा, ब्रान्ड म्यानेजर, एलजी नेपालले भन्नुभयो।





३५% सम्म क्यास ब्याक बाहेक ग्राहकहरुले एलजी नानोसेल टिभीको साथ निःशुल्क एलजी साउन्ड बार, निःशुल्क एलजी सर्टिफाइड इन्स्टलेसन, एलजी लोयल्टी क्लब रिवार्ड प्रोग्राम, ०% आकर्षक ईएमआई अप्सन, निःशुल्क डेलिभरी र एक्सचेन्ज अफर पनि पाउनुहुनेछ।

"नेपाली ग्राहकहरुले केही खरिद गर्दा उत्पादन भन्दा अरु पनि आशा राख्दछन् । उनीहरु र ब्रान्ड बीचको सम्बन्धको आशा गर्दछन् । ग्राहकहरु र ब्रान्डबीचको यो भावनात्मक सम्बन्धले हामीलाई यो क्यास ब्याक अफर ल्याउन मद्दत गऱ्यो जसले आफ्ना साथी र परिवारसँग फुटबल हेर्ने अनुभवका साथै धेरै सेवा र सुविधाहरु पनि प्रदान गर्दछ," श्री गौरव हमाल, डिजिएम-मार्केटिङ र ब्रान्ड व्यवस्थापन, विस्तारमा उत्साहका साथ भन्नुहुन्छ।

**एलजीको बारेमा**

टेक्नोलोजी र कन्ज्युमर इलेक्ट्रोनिक्समा विश्वव्यापी आविष्कारक एलजी ईलेक्ट्रोनिक्समा विश्वको लगभग सबै राष्ट्रहरुमा उपस्थित छ जसमा ७५,००० भन्दा बढीको कार्यबल रहेको छ । दक्षिण कोरियाको सियोलमा मुख्यालय रहेको एलजीले २०२१ मा ६३ अर्ब अमेरिकी डलरभन्दा बढीको विश्वव्यापी बिक्री देखाएको छ । एलजीको उपभोक्ता र व्यावसायिक उत्पादनहरु, जस्तै टिभी, घरेलु उपकरण, एयर सोलुसन्स, मनिटर, सर्भिस रोबोट, अटोमोटिभ कम्पोनेन्ट, प्रिमियम एलजी सिग्नेचर र ईन्टेलिजेन्ट एलजीथिङ्कक्युब्रान्डहरुविश्वभर परिचित छन्।

# कात्तिकमा एक अर्ब मात्रै कर्जा लगानी

**टुडे समाचारदाता**

काठमाण्डु । कात्तिक महिनामा बैंक तथा वित्तीय संस्थाबाट भएको कर्जा लगानी एक अर्ब २७ करोडले मात्रै वृद्धि भएको छ।

असोजमा वाणिज्य बैंकहरूले कुल ४२ खर्ब २० अर्ब ३१ करोड कर्जा लगानी गरेकोमा कात्तिकमा कुल ४२ खर्ब २१ अर्ब ५८ करोड लगानी भएको छ। कर्जा रकममा एक अर्ब २७ करोडले मात्रै वृद्धि भएको हो।

त्यस्तै, बैंकहरूको निक्षेप यो अवधिमा १६ अर्ब रूपैयाँले बढेको छ। असोजमा ४५ खर्ब ४७ अर्ब निक्षेप संकलन गरेका बैंकहरूले कात्तिकमा ४५ खर्ब ६३ अर्ब संकलन गरेका हुन्।

सानिमा बैंक निक्षेप संकलन सबैभन्दा धेरै पाँच अर्ब ९० करोड रूपैयाँले बढेको छ भने नेपाल बैंकले सबैभन्दा धेरै दुई अर्ब ३१ करोड रूपैयाँले कर्जा लगानी बढाएको छ।

असारयता भने एनसिसी बैंकको निक्षेप सबैभन्दा धेरै १४ अर्बले घटेको छ भने नौ अर्ब ४२ करोडले कर्जा लगानी घटेको छ।

यो अवधिमा नेपाल एसबिआई बैंकमा १२ अर्ब पाँच करोडले निक्षेप बढेको छ। नेपाल इन्भेष्टमेन्ट बैंकले असारयता सबैभन्दा धेरै ११ अर्ब १७ करोड रूपैयाँले कर्जा लगानी वृद्धि गरेको छ।

# पोखरा विमानस्थलको भूमिस्थ सेवा प्रदान गर्न प्राधिकरणलाई वायुसेवा निगमको अनुरोध

काठमाण्डु । राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको भूमिस्थ सेवा 'ग्राउण्ड ह्याण्डलिङ' निगमलाई प्रदान गर्न नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणलाई अनुरोध गरेको छ।

निगमले ग्राउण्ड ह्याण्डलिङमा लामो अनुभव रहेको र सोहीअनुसारको दक्ष जनशक्ति तथा आवश्यक प्राविधिक स्रोत साधनको उपलब्धता रहेकाले निगमलाई प्रदान गर्न अनुरोध गरिएको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिनुभयो।

सोमबारदेखि यान्त्रिक परीक्षण उडान भइरहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको भूमिस्थ सेवा प्राधिकरण आफैँले गर्ने जनाएको थियो।

'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निगमको स्थापनाकालदेखि नै आफ्नो र अन्य अन्तर्राष्ट्रिय एयरलाइन्सहरूलाई ग्राउण्ड ह्याण्डलिङ सेवा प्रदान गर्दै आएको छ । ग्राउण्ड ह्याण्डलिङ कार्यमा लामो समयसम्मको व्यवस्थापकीय अनुभव, सोहीअनुसारको स्रोत साधन र जनशक्ति रहेकाले पोखरा विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ कार्यसमेत निगमलाई नै प्रदान गर्न व्यवस्थाका लागि अनुरोध गरिएको छ', निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

निगमले अन्तर्राष्ट्रियस्तरको ग्राउण्ड ह्याण्डलिङ सेवा दिइरहेको र आइसागो, आयोटा सेफ्टी अडिट फर ग्राउण्ड अपरेसन्स सर्टिफाइड रहेको निगमले उल्लेख गरेको छ।





साथै आन्तरिक वायुसेवाको भूमिस्थ सेवासमेत गर्न सक्षम भएको छ। निगमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ कार्य गर्दै आएको छ। निगमले अन्तर्राष्ट्रिय उडानतर्फ हाल भारतका तीनसहित आठ देशका विभिन्न १० वटा गन्तव्यमा उडान सञ्चालन गर्दै आएको छ।

**दिल्ली उडान कटौतीले आम्दानी खुम्चियो**

निगमले मुख्य आम्दानी हुने भारतको नयाँदिल्ली गन्तव्यको उडान कटौती हुँदा आफ्नो आम्दानी खुम्चिएको जनाएको छ । काठमाडौँ-दिल्ली गन्तव्यमा साताको १४ उडान गर्दै आएकामा हालैको उडान तालिकामा साताको १० वटा उडान मात्र प्राधिकरणबाट स्वीकृत भएकोले निगमको आम्दानीमा सङ्कुचन भएको निगमले विज्ञप्तिमा जनाएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरणको निर्देशनानुसार निगम व्यवस्थापनले निर्णय गरी सञ्चालक समितिको समेत स्वीकृतिपश्चात साताका चार उडान गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा (काडमाडौँ-दिल्ली-भैरहवा-काठमाडौँ) उडान गर्ने गरी स्वीकृतिका लागि प्राधिकरणमा पठाइसकिएको छ । साथै, निगमको कटौती भएको उडान यथावत सञ्चालन गर्ने र आवश्यकताअनुसार अन्य गनतव्यमा उडान थप गर्नसमेत मन्त्रालय र प्राधिकरणलाई अनुरोध गरिएको निगमले जनाएको छ।रासस

# कुमारी र एनसिसी बैंक एक बराबर एक अनुपातमा मर्जमा जाने

**टुडे समाचारदाता**

काठमाण्डु । संयुक्त मर्जर समितिले कुमारी बैंक र एनसिसी बैंकको एक बराबर एक अनुपातमा स्वाप रेसियो कायम रहने गरी मर्जरमा जान सिफारिश गरेको हो।

समितिले प्रस्ताव गरेको अनुपात बैंकको सञ्चालक समितिले स्वीकृत गरेको छ। मर्जरपछि बन्ने बैंकको चुक्ता पुँजी २६ अर्ब २२ करोड रूपैयाँ पुग्नेछ। हाल कुमारी बैंकको चुक्ता पुँजी १४ अर्ब ७१ करोड छ भने एनसिसीको ११ अर्ब १४ करोड छ।

एनसिसीले यसपटक ३.३६ प्रतिशत बोनस सेयर समेत दिने प्रस्ताव गरेकोले सो सँगै मर्जर पछि बन्ने बैंकको पुँजी २६ अर्ब २२ करोड पुग्ने भएको हो।

मर्जरपछि बैंकको शाखा संख्या तीन सय ५५ पुग्नेछ भने एटिएम संख्या तीन सय ५१ पुग्नेछ।

# एनसेलले शुरु गऱ्यो नयाँ प्रिपेड प्लानहरु

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेल आजियाटा लिमिटेडले आफ्ना ग्राहककालागि नयाँ प्रिपेड प्लानहरु ल्याएको छ। ग्राहकहरुले आफ्नो दूरसञ्चार सेवाको आवश्यकता अनुसार सरल र सहज रुपमा यी प्लानहरु सुचारु गर्न सक्छन्।

नयाँ प्रिपेड प्लान अन्तर्गत तीन वटा स्टार्टर प्याकहरु सजिलो, सहयात्री प्लान र सही यो प्लान अपडेट गरिएका छन्। यी प्याकहरु आइतबार (मसिर ४) देखि संचालनमा आएका छन् । ग्राहकले सजिलोको कर सहित रु.९७, सहयात्री प्लानको रु.९८ र सही यो प्लान रु.९९ मा लिन सक्छन्।

स्टार्टर प्याक अन्तर्गत सिम कार्ड खरिद गर्दा ग्राहकले स्वतः रुपमा सजिलो प्लान प्राप्त गर्दछन्। यसमा रु १० मेन ब्यालेन्स, ६० एमबी डेटा, ४० मिनेट अन नेट कल र ७ दिनको समयसिमा रहेको २० वटा अन नेट एसएमएस रहेको हुन्छ। त्यस्तै यो प्याक लिने ग्राहकले अन नेट भ्वाइस कल अन्तर्गत कर सहित रु १.६२ प्रति मिनेटमा कल, रु १ मा पे एज यू गो डेटा र कुनै पनि नेटवर्कमा एसएमएस कर बाहेक रु १ मा पठाउँन सक्छन्।

वैदेशिक रोजगारीमा जाने योजनामा रहेका व्यक्ति तथा परिवारका सदस्यहरुका लागि सहयात्री प्लान रहेको छ । यो प्लान अन्तर्गत ग्राहकले रु १० मेन ब्यालेन्स, १०० एमबी डेटा, ७ दिनको समयसिमा रहेको १० वटा अन नेट एसएमएस प्राप्त गर्न सक्छन् । यसका साथै सहयात्री प्लान लिने ग्राहकले भारतमा पहिलो ३ मिनेटको कल पछि १० प्रतिशत छुटमा कल गर्ने सुविधा प्राप्त गर्दछन्।

सहयात्री प्लान अन्तर्गत ग्राहकले बीप सेवाको पनि फाइदा लिन सक्छन्। यस सेवा अन्तर्गत ग्राहकले आफ्नो मेन ब्यालेन्स शून्य भए पनि आफुले सम्पर्क गर्न खोजेको नम्बरमा मिस्ड कल गर्न सक्छन्। यसका साथै यो सिम लिने ग्राहकले विभिन्न ८ राष्ट्रमा अन्तर्राष्ट्रिय कलमा पहिलो १ मिनेट पछि छुट प्राप्त गर्न सक्छन्।

त्यस्तैगरी अर्को स्टार्टर प्याक हो युवा वर्गलाई लक्षित सही यो प्लान । यो प्लान अन्तर्गत ग्राहकले इन्स्टाग्राम प्रयोग गर्न ३० दिन समयसिमा रहेको १ जीबी डेटा, १० मिनेट मेन ब्यालेन्स, १०० एमबी डेटा, १० मिनेट अन नेट कल र ७ दिनको समयसिमा रहेको १० वटा अन नेट एसएमएस प्राप्त गर्न सक्छन्।

यसका साथै, यी सबै स्टार्टर प्याकहरुमा पहिलो रिचार्ज अफर पनि रहेको छ। यो योजना अन्तर्गत सिम कार्ड सुचारु भएको अर्को दिनको मध्य राति सम्म रु २०० र सो भन्दा माथि रिचार्ज गर्ने ग्राहकले रिचार्जमा १० प्रतिशत बोनस प्राप्त गर्न सक्छन् । प्राप्त बोनस पे एज यू गो अन्तर्गत भ्वाइस, डेटा र एसएमएस सेवाको लागि प्रयोग गर्न सकिन्छ। बोनस रकम ३ दिनको लागि मान्य रहन्छ।

नेपाल घुम्न आउने पर्यटकहरुका लागि पनि एनसेलले रु १००, रु ५०० र रु १००० का तीन प्लानहरु प्रदान गर्दै आएको छ। रु १०० को प्लानमा ग्राहकले २०० एमबी डेटा, १० मिनेट (लोकल कल) प्राप्त गर्छन् । रु ५०० को प्लानमा पर्यटकले रु ५० मेन ब्यालेन्स, ५० मिनेट लोकल कल र ७ दिनको समयसिमा रहेको १० जीबी डेटा प्राप्त गर्न सक्छन् । त्यस्तै रु १००० को प्लान अन्तर्गत नेपाल भ्रमणमा रहेका पर्यटकले रु ५० मेन ब्यालेन्स, १०० मिनेट लोकल कल र २८ दिनको समयसिमा रहेको २५ जीबी डेटाबाट फाइदा लिन सक्छन्।


**मधेश प्रदेश सरकार**

**सामाजिक बिकास मन्त्रालय**

**प्रदेश जनस्वास्थ्य प्रयोगशाला**

**जनकपुरधाम, धनुषा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०७९।०८।७**

प्रस्तुत विषयमा चालु आ.व. ०७९/८० को लागि मिति २०७९/०५/३० गतेको राष्ट्रिय दैनिक जनकपुर टुडेमा प्रकाशित सूचना बमोजिम IFB No. Re-PPHL2/G/NCB/ 02/2079-80. (Procurement of Supply, Delivery and Installation of Equipment, IT Infrastructure Software and Furniture for Pathology Lab in Municipality) खरिदको लागि विद्युत्तिय बोलपत्रको सुचना आह्वान भएकोमा PPMO को E-GP SYSTEM को माध्यमबाट दर्ता भएका बोलपत्रहरु खोलिएकोमा सो बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमको फर्मले पेश गरेको तपसिल बमोजिमको विवरण अनुसारको बोलपत्र यस कार्यालयको मूल्यांकन समितिको २०७९/०८/५ गते को सिफारिश अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ बमोजिम न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभाबग्राही भएकोले यस कार्यालयको मिति २०७९।०८।०६ गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम बोलपत्र स्वीकृत गरी उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | कामको नाम | बोलपत्रदाताको नामतथा ठेगाना | कबोल अंक (रु.), भ्याट सहित |
|---|---|---|---|---|
| १. | Re-PPHL2/G/NCB/02/2079-80. | Supply, Delivery and Installation of Equipment, IT Infrastructure Software and Furniture for Pathology Lab in Municipality | सेभेन हिल्स प्रा. लि , पुत्तलीसडक , काठमाणडौ | ६,०५,११,५००।- |

**निर्देशक**



धनुषा निर्वाचन क्षेत्र नम्वर ३ को मतगणना भई रहेको महेन्द्र नारायण निधि प्रतिष्ठान। अन्य बर्षको निर्वाचन जस्तो नेता कार्यकर्ताहरुको चहल पहल विनानै मतगणना हुँदै। *तस्विर : टुडे*

# सप्तरीमा कांग्रेस, जनमत र जसपाको अग्रता

**टुडे समाचारदाता**

राजविराज । राष्ट्रियस्तरमै निकै चर्चा र चासोको विषय बनेको सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. २ मा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउत जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवसँग लगातार दोब्बर भन्दा बढी मतान्तरले अगाडि बढि रहेका छन् ।

पछिल्लो मतपरिणाम अनुसार उनी जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार उपेन्द्र यादवभन्दा दोब्बर भन्दा बढी मतले अगाडि देखिएका छन् । मतगणनामा डा. राउतले १९ हजार १ सय २० मत प्राप्त गरेका छन् भने उनलाई पछ्याउँदै गरेका उपेन्द्रले ९ हजार ६ सय ३७ मत प्राप्त गरेका छन्।

मतगणनाका क्रममा तेश्रो स्थानमा रहेका सत्तारुढ गठबन्धनका साझा उम्मेदवार लोसपाका जयप्रकाश ठाकुरले ३ हजार ९ सय ३२ मत प्राप्त गरेका छन् । करिब २५ हजार मत गन्न बाँकी रहेको र अन्तिम परिणाम बुधबार दिउँसोसम्म मात्र आउने अनुमान गरिएको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिएका छन् ।

यस क्षेत्रमा ९५ हजार ३ सय ९४ मतदाता छन् । जसमध्ये ६४ हजार ५ सय ६० जनाले मतदान गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। जिल्लाकै प्रतिनिधिसभा क्षेत्र नं. १ मा एमाले-जसपा गठबन्धनका साझा उम्मेदवार मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह ४ हजार ३ सय १० मत प्राप्त गरी अग्रता लिएका छन् भने सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका रामदेव साह ३ हजार ३ सय ३० मत ल्याई उनलाई पछ्याइरहेका छन् ।

प्रतिनिधिसभा क्षेत्र नं. ३ मा सत्तारुढ गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका दिनेश कुमार यादव ६ हजार ४ सय ९३ मत ल्याई अग्रता लिएका छन् भने ४ हजार १ सय ८७ मत ल्याई जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार ताराकान्त चौधरी उनलाई पछ्याइरहेका छन् ।

यस्तै प्रतिनिधिसभा क्षेत्र नं. ४ मा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका तेजुलाल चौधरी २ हजार २ सय २५ मत ल्याई अग्रता लिएका छन् भने जसपा एमाले गठबन्धनका बालकिशोर यादव १ हजार २ सय ३० मत ल्याई उनलाई पछ्याइरहेका छन् ।

यता जिल्लाको चार वटै निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा कडा सुरक्षाबीच मतगणना कार्य जारी रहेको छ ।

### जनमतका दुबै नवप्रवेशीलाई दरिलो सफलता

# एकले बहालवाला मन्त्रीलाई पराजित गर्दा अर्कोले पूर्वमन्त्रीलाई हराउन सफल

**टुडे समाचारदाता**



राजविराज। गत स्थानीय तह निर्वाचनमा सप्तरीको तिलाठी कोइलाडी गाउपालिकामा अध्यक्ष पदका प्रत्याशी रही थोरै मतले पराजय भोगेका सतिष कुमार सिंह यस पटक प्रदेश २ को (१) बाट प्रदेश सभा सदस्यमा निर्वाचित भएका छन् ।

निर्वतमान गाउँपालिका अध्यक्ष समेत रहेका सिंहले गत स्थानीयतहको निर्वाचनमा उम्मेदवारी दोहोऱ्याउँदा नेपाली कांग्रेसका अरुण मण्डलसंग थोरै मतले पराजित भएका थिए।

२०७४ सालको गाउँपालिकाको निर्वाचनमा राष्ट्रिय जनता पार्टीबाट अध्यक्ष पद जितेका सिंह गत बैशाख ३० गतेको स्थानीयतहको निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबाट चुनाव लडेर निकटतम प्रतिद्वन्दी रहेका थिए।

यस पटक प्रदेश सभा निर्वाचनको २ महिना अधिमात्र डा.सिके राउत नेतृत्वको जनमत पार्टीमा प्रवेश गरेका उनलाई जनमत पार्टीले प्रदेश सभाकोलागि टिकट दिएका थिए। १६ हजार ७ सय ३४ मत ल्याएका सिंह निकटतम प्रतिद्वन्दी मधेश प्रदेशका अर्थ मन्त्री तथा प्रवक्ता समेत रहेका शैलेन्द्र प्रसाद साहलाई फराकिलो मतान्तरले पराजित गर्दै विजयी भएका छन्। साहले ८ हजार २ सय ९२ मत मात्र प्राप्त गरे।

यसै गरी प्रदेश २ को (२) मा जनमत पार्टी कै महेश प्रसाद यादव विजयी भएका छन्। नेकपा माओवादी केन्द्रका उम्मेदवार संविधान सभा सदस्य तथा पूर्व सिँचाई मन्त्री उमेश कुमार यादवलाई फराकिलो मत अन्तरले पराजित गरेर महेश विजय भएका छन् । अघिल्लो संसदीय निर्वाचनमा नेकपा माओवादी केन्द्रबाट सप्तरी २ मा सासंदका प्रत्याशी रहेका उमेश यस पटक सोही पार्टीबाट प्रदेश सभा सदस्यको उम्मेदवार थिए।

२०७४ सालमा उमेश संगै सोही पार्टीबाट प्रदेश २ को (२) बाट उम्मेदवार रहेका महेश तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका मनिष सुमन सित पराजित भई निकटतम प्रतिद्वन्दी रहेका थिए।

सुमन यस पटक जसपाबाट समानुपातिक तर्फ उम्मेदवार रहेका छन् । नेकपा माओवादी केन्द्रले उमेशलाई प्रदेश सभामा उठाएपछि मनोनयन पत्र दर्ताको अघिल्लो दिन जनमत पार्टीमा प्रवेश गरी प्रदेश सभा सदस्यका प्रत्याशी बनेका महेशको यस पटकको चुनावी यात्रा सफल भएको छ।

महेशले १३ हजार ३ सय २५ मत ल्याए भने निकटतम प्रतिद्वन्दी पुराना सहयात्री नेकपा माओवादी केन्द्रका उम्मेदवार उमेशले ७ हजार २३ मत मै चित्त बुझाउनु परेको छ।

# माधव, किरण, प्रभु र देवप्रसादको अग्रता

**ओम प्रकाश यादव**

गरुडा (रौतहट) । रौतहटमा रहेको चारवटै निर्वाचन क्षेत्र र आठवटै प्रदेशसभाको मतगणना जारी रहेको छ । मंगलवार साँझसम्म कुनै प्रतिनिधिसभा र प्रदेशसभाको अन्तिम मतपरिणाम आउन सकेको छैन् । बुधवारदेखि मात्र अन्तिम नतिजा आउन सक्ने सम्भावना रहेको छ।

मंगलवार साँझ ६ बजेसम्म प्राप्त भएको प्रारम्भिक मत परिणाम अनुसार रौतहट क्षेत्र नं १ मा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालले अग्रता कायम राखेका छन् ।



नेता नेपालले ११ हजार २९२ मतसहित अग्रस्थानमा छन् भने उनलाई कडा टक्कर दिइरहेका नेकपा एमालेका अजय गुप्ताले ९ हजार १४४ मत पाएका छन् । गुप्ताले माधवलाई २ हजार भन्दा बढी मतान्तरले पछ्याइरहेका छन् ।

त्यस्तै क्षेत्र नं २ मा स्वतन्त्र उम्मेदवार किरण साह अग्रता लिएका छन् । जसपा र एमाले गठबन्धनका साझा उम्मेदवार जसपा नेता शैलेन्द्र साहको समर्थन पाएका किरण साह ५ हजार ९४१ मतसहित अग्रता कायम राखेका छन् ।

सत्ता गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका डाक्टर मोहम्माद फिरदोस आलमले ४ हजार १८० मत ल्याउँदै साहलाई पछ्याइरहेका छन् ।

क्षेत्र नम्बर ३ मा स्वतन्त्र उम्मेदवार ओम प्रकाश जयसवाल शुरुवाति अग्रता लिएपनि अहिले पछि परेका छन् । सत्तारुढ गठबन्धनको समर्थन पाएका स्वतन्त्र उम्मेदवार प्रभु साहले जयसवाललाई पछाडि पार्दै अग्रता लिएका छन् ।

साह ७ हजार ५२७ मतसहित अग्रस्थानमा रहेका छन भने जयसवाल ४ हजार ३८३ मत ल्याएर दोश्रो स्थानमा छन्। नेकपा माओवादी केन्द्रका उम्मेदवार धिरज पटेलले २ हजार ६६४ मत पाएका छन् ।

क्षेत्र नं ४ मा नेपाली कांग्रेसका देवप्रसाद तिमल्सिनाले अग्रता लिएका छन् । दोश्रोमा नेकपा एमाले र जसपा गठबन्धनका साझा उम्मेदवार नेकपा एमालेका उद्धव प्रसाद रेग्मी छन् ।

सत्ता गठबन्धनका उम्मेदवार कांग्रेसका तिमल्सिनाले ७ हजार ९६३ मत पाएका छन भने एमालेका रेग्मीले ७ हजार ४०६ मत पाएका छन् ।

क्षेत्र नं. १ को प्रदेशसभा (क) मा नेकपा एमालेका राजकिशोर यादवले ४ हजार ६९३ मतसहित अग्रता कायम राखेका छन् भने उनलाई पछ्याइरहेका नेपाली कांग्रेसका नागेन्द्र साह ३ हजार २२६ मत पाएका छन् ।

क्षेत्र नं १ को प्रदेशसभा (ख) मा सत्ता गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले अग्रता लिएका छन् । कृष्णले ३ हजार ६९२ मतसहित अग्रता कायम गरेका छन् भने स्वतन्त्र उम्मेदवार कांग्रेसका पूर्व जिल्ला सचिव राजेशकुमार चौधरीले २ हजार ८८८ मत सहित दोश्रो स्थानमा छन् ।

एमाले-जसपा गठबन्धनबाट जसपाका नेता एवं मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी राज्य मन्त्री योगेन्द्र यादवले २ हजार १८ मत सहित तेश्रो स्थानमा रहेका छन् ।

क्षेत्र नं २ को प्रदेशसभा (क) मा नेकपा एमालेका उम्मेदवार जैद राजाले ३ हजार ४४२ मतसहित अग्रस्थानमा छन भने स्वतन्त्र उम्मेदवार नागेन्द्र प्रसाद सिन्हाले १ हजार ९९४ मत पाएका छन् ।

क्षेत्र नं २ को प्रदेशसभा (ख) मा जनता समाजवादी पार्टीका उम्मेदवार किशोरी यादवले अग्रता लिएका छन् । यादवले २ हजार ६६४ मत पाएका छन भने सत्ता गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादीका कनिश पटेलले २ हजार ५६७ र स्वतन्त्र उम्मेदवार मनोज यादवले २ हजार १८ मतसहित तेश्रो स्थानमा रहेका छन् ।

क्षेत्र नं ३ को प्रदेशसभा (क) मा स्वतन्त्र उम्मेदवार केश्व चौधरीले ३ हजार १७० मतसहित अग्रता लिएका छन् ।

एमाले-जसपा गठबन्धनबाट जनता समाजवादी पार्टी नेपालकी पुजा चौधरी २ हजार ८५१ मत पाएकी छन भने सत्ता गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादीका नेता एवं मधेश प्रदेशका उद्योग, वन, पर्यटन तथा वातावरण राज्य मन्त्री नागेन्द्र यादवले १ हजार ७१९ मत पाएका छन् ।

३ को प्रदेशसभा (ख) मा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका जिल्ला सभापति सुनिल यादव भनिने जितेन्द्रले ७०१ मतसहित अग्रता लिएका छन् । स्वतन्त्र उम्मेदवार कुन्दन कुश्वाहाले ६१० मतसहित उनलाई पछ्याइरहेका छन् ।

क्षेत्र नं ४ को प्रदेशसभा (क) मा सत्ता गठबन्धनका उम्मेदवार नेकपा माओवादी केन्द्रका समिर भन्ने युवराज भट्टराईले ७ हजार २४ मतसहित अग्रता कायम राखेका छन् ।

दोश्रो स्थानमा रहेका नेकपा एमालेका अखिलेश्वर चौधरीले ५ हजार १०७ मत पाएका छन भने तेश्रो स्थानमा रहेका नेकपा एकीकृत समाजवादी पार्टीका उम्मेदवार बालकृष्ण श्रेष्ठले ४ हजार ११४ मत पाएका छन् ।

४ को प्रदेशसभा (ख) मा स्वतन्त्र उम्मेदवार रवि जयसवालले अग्रता लिएका छन् । जयसवालले २ हजार १८ मतसहित अग्रस्थानमा छन भने एमाले-जसपा गठबन्धनका साझा उम्मेदवार जनता समाजवादी पार्टी नेपालका शेख अब्बुल कलाम अजाद (फुलबाबु) ले १ हजार ६७९ मत ल्याउँदै जयसवाललाई पछ्याइरहेका छन् । सत्ता गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादी पार्टीका शेख सतारले १ हजार १२६ मत पाएका छन् ।

# धनुषामा एमाले अग्रस्थानमा



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश आन्दोलनका केन्द्र बिन्दु मानिने जनकपुरधाम सहित धनुषा जिल्लामा नेकपा एमाले अग्रस्थानमा देखिएको छ । धनुषामा रहेको चार वटा प्रतिनिधिसभा र आठ वटा प्रदेश सभामा अधिकांश स्थानमा एमालेनै अग्रस्थानमा देखिएको छ।

धनुषा निर्वाचन क्षेत्र नम्वर १ मा एमाले-जसपा गठबन्धनका उम्मेदवार दीपक कार्कीले २६०२ मत प्राप्त गरी पहिलो स्थान हासिल गर्न सफल भएका छन् भने राप्रपाका मनोजकुमार मल्लले २१३० र पाँच दलीय गठबन्धनका उम्मेदवार नेकपा माओवादी केन्द्रका नेता मातृका प्रसाद यादवले १७६३ मत प्राप्त गरी दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।

त्यस्तै निर्वाचन क्षेत्र नम्वर १ को (क) मा नेपाली कांग्रेसका संजयकुमार महतो १०४८ मत सहित अग्रस्थानमा रहेका छन् भने राप्रपाका पर्शुरामकुमार ९२३ र जनमतका व्रम्हदेव महतो ८८१ मत सहित दोस्रो र तेस्रो स्थानमा छन् । निर्वाचन क्षेत्र नम्वर १ को (ख) मा एमालेका रामचन्द्र मण्डल १५५९ मत सहित अग्रस्थानमा छन् भने लोसपाका संजयकुमार सिंह १३१३ र जनमतका सरेन्द्रकुमार मण्डल १२०८ मत सहित दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।

निर्वाचन क्षेत्र नम्वर २ मा नेकपा एमालेका उमाशंकर अरगरिया ५१२४ मत सहित अग्रस्थानमा छन् भने नेपाली कांग्रेसका रामकृष्ण यादव ४८७४, जनता समाजवादी पार्टी (जसपा)का आनन्द यादव ४०८९ सहित दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।

निर्वाचन क्षेत्र नम्वर २ को प्रदेश सभा (क) तर्फ जनमतका दिपेन्द्रकुमार तेयवार १६९४ मत सहित अग्रस्थानमा छन् भने नेकपा एमालेका लखन दास ततमा १२१९ र नेकपा एसका रामनारायण साह ११०३ मत सहित दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।

त्यस्तै प्रदेशसभाको (ख) तर्फ माओवादी केन्द्रका श्यामकुमार यादव १५५५ मत सहित पहिलो स्थानमा छन् भने जसपाका रामअशिष यादव १५३० र एमालेका संजीवकुमार झा (सुरज) १५०९ मत सहित दोस्रो र तेस्रो स्थानमा रहेका छन् । त्यस्तै धनुषा निर्वाचन क्षेत्र नम्वर ३ मा पनि नेकपा एमालेका उम्मेदवार जुली कुमारी महतो ७५४४ मत सहित अग्रस्थानमा छन् भने लोसपाका अनिलकुमार झा ६१६० र जनमतका ई. शम्भूनाथ साह २१०१ मत सहित दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।

प्रदेश सभा (क) तर्फ नेपाली कांग्रेसका रामसरोज यादव ६८२३ मत सहित अग्रस्थानमा छन् भने जसपाका जितेन्द्रकुमार यादव ४२३० मत र जनमतका प्रसन्नकुमार झा ४०५४ मत सहित दोस्रो र तेस्रो स्थानमा रहेका छन् । धनुषा निर्वाचन क्षेत्र नम्वर ३ को प्रदेश सभा (ख) तर्फको मतगणना अहिले सम्म शुरु हुन सकेको छैन् ।

धनुषा निर्वाचन क्षेत्र नम्वर ४ मा पनि एमालेनै अग्रस्थानमा देखिएको छ । नेकपा एमालेका सचिव तथा धनुषा निर्वाचन क्षेत्र नम्वर ४ का उम्मेदवार रघुवीर महासेठले १०७३ मत सहित अग्रस्थानमा छन् भने नेपाली कांग्रेसका सह-महामन्त्री तथा प्रतिनिधिसभा सदस्यका उम्मेदवार महेन्द्र यादव ८७९ मत सहित दोस्रो स्थानमा रहेका छन् ।

# सिरहामा एमाले, कांग्रेस र एसको अग्रता

**टुडे समाचारदाता**

सिरहा। सिरहाका चारवटै प्रतिनिधिसभाका निर्वाचन क्षेत्रमा सोमबार मध्यरातिदेखि मतगणना जारी छ। पछिल्लो मतपरिणामअनुसार क्षेत्र नं १ मा एमाले-जसपा गठबन्धनबाट नेकपा (एमाले)का उम्मेदवार रामशङ्कर यादवले दुई हजार ४५ मत प्राप्त गरी अग्रता लिइरहेका छन् ।

त्यस्तै सत्ता गठबन्धबाट कांग्रेसका नेता तथा पूर्वराज्यमन्त्री पदमनारायण चौधरीले एक हजार छ सय ९२ मत प्राप्त गरेका छन्। त्यसैगरी जनमत पार्टीका युगलकिशोर साहले दुई सय ७२ मत प्राप्त गरेका छन्। त्यस्तै स्वतन्त्र उम्मेदवार सरिता गिरीले ९४ मत प्राप्त गरेकी छन् ।

त्यसैगरी क्षेत्र नं २ मा सत्ता गठबन्धनबाट कांग्रेसकी नेत्री तथा पूर्वमन्त्री चित्रालेखा यादवले एक हजार तीन सय ८५ मतका साथ जसपा नेपालका उम्मेदवार राजकिशोर यादवभन्दा अगाडि भएका छन्। एमाले-जसपा गठबन्धनबाट राजकिशोर यादवको प्राप्त मत एक हजार तीन सय ८२ रहेको छ। त्यसैगरी जनमत पार्टीका विनोद यादवले नौ सय ७७ मत प्राप्त गरेका छन् ।

क्षेत्र नं ३ मा एमाले-जसपा गठबन्धनबाट एमालेका लीलानाथ श्रेष्ठले नौ सय २२ मतका साथ अग्रता लिइरहेका छन् भने सत्ता गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का विश्वनाथ साहले छ सय ९४ मतका साथ दोस्रो स्थानमा रहेका छन्। त्यस्तै जनमत पार्टीका विनोदकुमार यादवले पाँच सय ७९ मत प्राप्त गरेका छन् ।

त्यसैगरी क्षेत्र नं ४ मा सत्ता गठबन्धनबाट एकीकृत समाजवादीका धर्मनाथ शाहले तीन सय ८१ मत प्राप्त गरी अग्रता लिइरहेका छन् भने एमाले-जसपा गठबन्धनबाट जसपा नेपालका वीरेन्द्रप्रसाद महतोले तीन सय ४२ मतका साथ दोस्रो स्थानमा रहेका छन् । त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका बिमल तिवारीले दुई सय ४६ मत प्राप्त गरी तेस्रो स्थानमा रहेका छन् ।

# पर्सा-२ (१) मा कांग्रेस उम्मेदवार पटेल निर्वाचित

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा निर्वाचन क्षेत्र नं २ को प्रदेशसभा (१) मा नेपाली कांग्रेसका श्याम पटेल निर्वाचित भएका छन् ।

पटेल जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार रामनरेश प्रसाद यादवलाई एक हजार छ सय ५७ मतान्तरले पछि पार्दै निर्वाचित भएका छन् । उनले १३ हजार सात सय ८४ मत प्राप्त गरेका छन् भने निकटतम प्रतिस्पर्धी जसापा-एमालेका साझा उम्मेदवार यादवले भने १२ हजार एक सय १७ मत प्राप्त गरेका थिए।

**ट्राफिक नियमको पालना गरौं ।**

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८